# सप्तगण्डकी बहुमुखी क्याम्पस

SAPTAGANDAKI MULTIPLE CAMPUS

*(Affiliated to T.U. and HSEB, Nepal)*

भरतपुर, चितवन, नेपाल

Bharatpur, Chitwan, Nepal


प.सं./L.No. :

च.नं./Ref.No. :

## घोषणा पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शिक्षा योजना तथा पाठ्यक्रम र मूल्यांकन विभाग स्नातकोत्तर तह एम्. एड्. दोस्रो वर्षको आंशिक आवश्यकता पुरा गर्नका तयार पारिएको प्रस्तुत **कक्षाकोठा शिक्षणमा शिक्षकले प्रयोग गर्ने कार्यनीतिहरुको अध्ययन** विषयक शोधपत्र छनोटमा परेका अध्ययन स्थलमा म स्वय् उपस्थित भएर तथ्य संकलन गर्नुका साथै आजभन्दा अगाडि गरिएका यस शोध कार्यसँग सम्बन्धित लेखरचना तथा पत्रपत्रिकाहरुलाई अध्ययन गरी समीक्षात्मक रुपमा पुनरावलोकन गरिएको छ । यस शोधपत्र कही कतैबाट साभार गरिएको नभइ मेरो आफ्नो नितान्त खोजमुलक प्रस्तुति रहेको कुरा घोषणा गर्दछु ।

लक्ष्मी रिजाल

सप्तगण्डकी बहुमुखी क्याम्पस
SAPTAGANDAKI MULTIPLE CAMPUS
(Affiliated to T.U. and HSEB, Nepal)

भरतपुर, चितवन, नेपाल
Bharatpur, Chitwan, Nepal

प.सं./L.No. :
च.नं./Ref.No. :

# शिक्षा योजना तथा पाठ्यक्रम र मूल्यांकन विभाग

## सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शिक्षा योजना तथा पाठ्यक्रम र मूल्यांकन विभाग स्नातकोत्तर तह एम्. एड्. दोस्रो वर्षको आंशिक आवश्यकता पुरा गर्नका निमित्त शोधकर्ता नर्वदा भण्डारीले **मा.वि. तहको गणित शिक्षणमा शिक्षकले प्रयोग गर्ने कार्यनीतिहरुको अध्ययन** विषयक शोधपत्र मेरो प्रत्यक्ष निर्देशनमा तयार पारेको हुनाले आवश्यक मूल्याङ्कनको निमित्त सिफारिस गर्दछु ।

..................................

उप. प्रा. होम प्रसाद सापकोटा
(शोध निर्देशक)
शिक्षा योजना तथा पाठ्यक्रम र
मूल्यांकन विभाग
सप्तगण्डकी बहुमुखी क्याम्पस
भरतपुर, चितवन

मिति

## कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, सप्तगण्डकी बहुमुखी क्याम्पस, शिक्षा योजना तथा पाठ्यक्रम र मूल्यांकन विभाग अन्तर्गतको आवश्यकता पुरागर्नका लागि **मा.वि. तहको गणित शिक्षणमा शिक्षकले प्रयोग गर्ने कार्यनीतिहरु** विषयमा यो शोधपत्र तयार पारिएको छ ।

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा आफ्नो अतिव्यस्त समयलाई खर्चेर शोधकार्यको शुरुदेखि अन्त्यसम्म आवश्यक सहयोग, सल्लह तथा सुझाव प्रदान गरी अतुलनीय रुपमा सहयोग पुऱ्याउनु हुने यस शोधपत्रका शोध निर्देशक आदरणीय गुरु उप. प्राध्यापक होमनाथ सापकोटाज्यूप्रति हृदयदेखि नै आभार व्यक्त गर्दछु । साथै सप्तगण्डकी बहुमुखी क्याम्पस शिक्षा योजना तथा पाठ्यक्रम र मूल्यांकन विभागका विभागीय प्रमुख उप.प्रा. कुवेरनाथ शर्माज्यूप्रति आभार प्रकट गर्दछु ।

शोधकार्यको सिलसिलामा आवश्यक सूचना तथा तथ्यांकहरु र सुझावहरु उपलब्ध गराई सहयोग गर्नुहुने छनोटमा परेका विद्यालयका प्र.अ., शिक्षकहरु तथा यस शोधपत्रलाई पूर्ण रुप प्रदान गर्नका लागि प्रत्यक्ष एवम् परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण बुद्धिजिवी व्यक्तित्वहरुमा हार्दिक कृतज्ञता व्यक्तगर्दै अमूल्य सहयोगका लागि धन्यवाद दिन चाहन्छु । अन्त्यमा यो शोधपत्रलाई कम्प्युटर टाइप गरी सहयोग पुऱ्याउनुहुने सौरभ फोटोकपी परिवारप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

अन्त्यमा यो शोधपत्र यस विषयसँग सम्बन्धित सबै व्यक्तिहरुका लागि उपयोगी हुनेछ भन्ने कुरामा विश्वास लिएकी छु ।

# शोधसार

*त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय शिक्षा योजना तथा पाठ्यक्रम तथा मूल्यांकन मूल विषयको स्नातकोत्तर तह एम्.एड् दोस्रो वर्षको आवश्यकता पुरा गर्नका लागि* ***मा.वि तहको गणित शिक्षणमा शिक्षकले गर्ने कार्यनीतिहरु*** *विषयमा यो शोधपत्र तयार पारिएको छ । यस शोधपत्र तयार गर्नका लागि शिक्षकहरुले कक्षाकोठामा प्रयोग गरेका शिक्षण सिकाइ कार्यनीतिको पहिचान गर्नु , शिक्षकहरुले कक्षाकोठामा प्रयोग गरेका शिक्षण सिकाइ कार्यनीतिमा देखिएका समस्याहरु पहिचान गर्नु, कक्षाकोठामा शिक्षण सिकाइ कार्यनीतिलाई प्रभावकारी बनाउने उपायहरु पेश गर्नु,जस्ता उद्देश्यहरु राखिएको छ ।*

*शिक्षाविद फेडिरिक हरवर्ग (१९५०) को मोटिभेसन हाइजिन सिद्धान्त, मेरी पार्कर (१९५०) को मानव सम्बन्ध सिद्धान्त र एफ डवल टेलर (१९११) को वैज्ञानिक व्यवस्थापनको सिद्धान्तलाई आधार मानेर गरिएको यस शोधपत्रमा अध्ययन कार्यलाई उद्देश्य अनुसार पूर्णता प्रदान गर्नका लागि यस अध्ययन अनुसन्धानसँग सम्बन्धित आजभन्दा अगाडि गरिएका लेखरचना तथा पत्रपत्रिकाहरुलाई सम्बन्धित साहित्यको पुनरावलोकनको रुपमा अध्ययन गरिएको छ । प्रस्तुत शोधपत्र मुलतः गुणात्मक प्रकृतिको रहेको छ । भरतपुर नगरक्षेत्र नगरपालिका लंकू स्रोतकेन्द्र अन्तर्गतका ६ वटा सामुदायिक विद्यालयहरु आदिकवि भानुभक्त उ.मा.वि, नारायणी उ.मा.वि, बालकुमारी कन्या उमा..वि., बालकुमारी उ.मा.वि., भरतपुर उ.मा.वि र चितवन उ.मा.वि मध्येबाट जम्मा २१२ जना शिक्षकहरु मध्ये ६ जना शिक्षक तथा सोही विद्यालयका 1/1 जना प्र.अ.का दरले जम्मा १२ जनालाई अध्ययनको जनसंख्याको रुपमा लिएर अध्ययन अनुसन्धान गरिएको छ । अन्तरवार्ता प्रश्नावली तथा अवलोकन फारमलाई अध्ययन कार्यका प्रमुख साधनहरु बनाइएको छ । प्राथमिक तथा द्वितीय स्रोतलाई आधार मानेर तथ्यांक संकलन गरी संकलित तथ्यांकलाई स्पष्ट ढंगले सबैले बुझ्ने र व्यवहारिक बनाउनका लागि वर्णनात्मक तवरबाट व्याख्या एवम् विश्लेषण गरिएको छ ।*

*शिक्षकहरुले कक्षाकोठामा प्रयोग गरेका कार्यनीतिहरुको अध्ययन गर्दा विद्यार्थी, उत्प्रेरणा, कक्षा नियन्त्रण जस्ता कार्यकलापहरु गरेर कक्षा अरम्भ गर्ने कार्य छनोटमा परेका ७० प्रतिशत भन्दा बढी शिक्षकहरुबाट भएको पाइयो । प्रभावकारी रुपमा सिकाइ क्रियाकलाप गर्दा विद्यार्थी सहभागिता बढी रहेको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।*

कक्षा कार्यकलापमा बढि भन्दा बढी विद्यार्थीलाई सक्रिय बनाउनु पर्दछ भन्ने धारणा सबै शिक्षकहरुको रहेको भए पनि पूर्ण रुपमा कार्यन्वयन हुन भने सकिरहेको छैन । अझै सम्भ पनि प्रवचन विधिको प्रयोग गरेर अध्यापन गर्ने शिक्षकहरु ३३.३३ प्रतिशत रहेको पाइयो । शिक्षकमा आवश्यक तालिम तथा पुनर्ताजगी तालिमको अभावका कारणले समय सान्दर्भिक रहेर अध्ययन गर्नका लागि शिक्षकहरुमा असहजता भएको पाइन्छ ।

कक्षा समापन गर्दा सबै शिक्षकहरुले प्रश्न सोधेर पाठको पुनरावलोकन गर्ने गरेको पाइयो । विद्यार्थी मूल्यांकनमा लिखित मूल्यांकनलाई कुनै पनि शिक्षकले प्रयोग नगरेको र मैखिक तथा लिखित रुपमा गृहकार्य दिएर गृहकार्य जाँच गर्ने गरेको पाइयो । विद्यालयमा शिक्षकलाई पिरियणभार बढी हुनु, शिक्षक विद्यार्थी बिच सुमधुर  सम्बन्ध कायम हुन नसक्नु, शिक्षकले प्रयोग गरेका कार्यनीतिको बारेमा उचित निरीक्षण एवम् मूल्यांकन हुन नसक्नु, शिक्षकहरुलाई प्रोत्साहन तथा सम्मानको व्यवस्था गर्न नसक्नु जस्ता विविध समस्याहरुले गर्दा दक्ष शिक्षकले पनि प्रभावकारी ढंगबाट कार्यनीतिको प्रयोग गर्ने कार्यलाई कम चासो देखाएको पाइएको हुँदा उल्लेखित समस्यालाई मध्यनजर गरी न्युनीकरणका लागि आवश्यक कार्यकलाप गर्न सकेका खण्डमा शिक्षण सिकाइमा शिक्षकले प्रयोग गर्ने कार्यनीतिहरु थप प्रभावकारी हुन सक्ने निष्कर्ष प्रस्तुत गर्दै आवश्यक सुधारका लागि नीति निर्माण तह, कार्यान्वियन तह र भावि अनुसन्धानकर्ताका लागि समेत सुझाव प्रस्तुत गरिएको छ ।

# विषय सूची


सिफारिस पत्र

स्वीकृति पत्र

कृतज्ञता

शोधसार

विषयसूची

**अध्याय एक : परिचय**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ७

१.३ अध्ययनको औचित्य ८

१.४ अध्ययनको उद्देश्य ९

१.५ अनुसन्धन प्रश्नहरु ९

१.६ अध्ययनको परिसिमा १०

**परिच्छेद दुई : सम्बन्धित साहित्यको पुरानरावलोकन तथा सैद्धान्तिक खाका**

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन ११

२.२ अध्ययनको सैद्धान्तिक खाका १५

२.३ अध्ययनको अवधारणात्मक ढाँचा १८

२.४ पुनरावलोकनको उपादेयता १९

**परिच्छेद तीन : अध्ययन विधि**

३.१ अनुसन्धानको ढाँचा २०

३.२ जनसंख्या र नमुना छनोट विधि २०

३.३ तथ्यांक संकलनको साधन र तरिका २१

३.४ तथ्यांक संकलनको साधन र तरिका २१

३.४.१ बन्द प्रश्नवाली २१

३.४.२ कक्षा अवलोकन फारम २१

३.५ तथ्यांकका स्रोतहरू २२

३.६ तथ्यांक संकलन प्रक्रिया २२

३.७ तथ्यांकको व्याख्या विश्लेषण र प्रस्तुतीकरण २२

**परिच्छेद चार : तथ्यांकको व्याख्या र विश्लेषण**

४.१ शिक्षकहरुले कक्षाकोठामा प्रयोग गरेका शिक्षण सिकाइ कार्यनीतिहरुको पहिचान २३

४.२ शिक्षकहरुले कक्षाकोठामा प्रयोग गरेका शिक्षण सिकाई कार्यनीतिमा देखिएका समस्याहरु ३६

४.३ कक्षाकोठमा शिक्षण सिकाइ कार्यनीतिहरुलाई प्रभावकारी बनाउने उपायहरु ३८

४.४ प्राप्तिको सारांश ४१

**परिच्छेद पाँच : निष्कर्ष र सुझावहरु**

५.१ निष्कर्ष ४४

५.२ सुझावहरु ४५

५.२.१ नीति निर्माण तह ४५

५.२.२ कार्यान्वय तह ४६

५.२.३ अनुसन्धान तह ४७

**सन्दर्भग्रन्थ सूची**

**अनुसूचीहरु**

# अध्याय:एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा एक गतिशील प्रक्रिया हो । यो मानिसको जन्मदेखि मृत्यु पर्यन्त चलिरहन्छ । शिक्षा एक सामाजिक प्रक्रिया हो । यसले समाजको विकासको लागि आवश्यक, जनशक्ति तयार पार्दछ । मानिसको आधारभूत आवश्यकताको रुपमा गास, वास, कपास, शिक्षा, स्वास्थ्य र शुरक्षा पर्दछन् भनेर संयुक्त राष्ट्रसघंले स्वीकार गरेको छ । त्यसमा पनि सबै पक्षको विकास र विस्तार गर्न शिक्षाको नै आवश्यकता पर्दछ । शिक्षा जीवन ज्योती हो, सभ्यता र संस्कृतिको जननी हो । शिक्षा बिनाको मानव पशुसरह हुन्छ । मानिसलाई व्यक्तिगत र सामुहिक रुपमा सक्षम बनाउन उचीत शिक्षा, दिनु पर्दछ । आत्मिक, मानसिक, शारीरिक, आध्यात्मिक, बैयक्तिक एवम् सामाजिक र भौतिक विज्ञान र प्रविधि सबै किसिमका मानविय कृयाकलापको उन्नतीको मुहान नै शिक्षा हो । प्रत्येक व्यक्ति समाज र राष्ट्रको सर्वाङ्गगीण विकासको निम्ति शिक्षा अपरिहार्य हुन्छ ।

हजारौं शब्दभन्दा एउटै चित्र प्रभावकारी हुन्छभन्ने चिनिया उखानबाट प्रष्ट हुन्छ कि पूर्व प्राथमिक तहमा शैक्षिक सामग्रीको महत्व कति छ ? बजारमा पाइने महङ्गा शैक्षिक सामग्री भन्दा स्थानीय स्तरमा नै पाइने सस्ता, सजिलै बुझीने, चिन्ने, सजिलै फरक छुट्याउन सकिने साथै पछिसम्म स्मरणमा रहीरहनका लागि वास्तविक विषयवस्तुको प्रयोग बढी प्रभावकारी हुन्छ । प्राथमिक विद्यालयमा प्रवेश गर्नु अघि गराइने शैक्षिक क्रियाकलापलाई प्रारम्भिक बालशिक्षा भनिन्छ । यसलाई अनौपचारिक शिक्षाको रूपमा लिइन्छ । इटालियन नागरिक मारिया मन्टेसरी (१८४०-१९५२) ले स्थापना गरेको बाल केन्द्रित यो शिक्षा आज संसारभर लोकप्रिय बन्दै गइरहेको छ । नेपालमा पूर्व प्राथमिक शिक्षाको थालनी मन्टेसरी पद्धति अनुसार २००६ सालबाट भएको थियो । अहिलेको अवस्थालाई हेर्दा अंग्रेजी स्कुलहरूम प्लेग्रुप, नर्सरी, के.जि., र सरकारी विद्यालयहरूमा

शिशु कक्षा पूर्व प्राथमिक कक्षा भनि चलाइएको छ। त्यस्तै समुदायमा शिशु स्याहार केन्द्र भनि चलाइएको छ । हाल नेपालमा संस्थागत विद्यालयहरूमा १,५९,२७२ नानीहरू, २,०७८१५ बाबुहरू गरी जम्मा ३,६७,०८७ अध्ययनरत छन् । सामुदायिक विद्यालयहरूमा २,४५,३५९ नानीहरू र २,४८,३१३ बाबुहरू गरी जम्मा ४,९३,६७२ अध्ययनरत छन् । त्यस्तै समुदायमा आधारित शिशु स्याहार केन्द्रहरूमा १०,३६२ नानीहरू र १०,१२६ बाबुहरू गरी जम्मा २०,४८८ अध्ययनरत छन्, (शिक्षा विभाग, २०६६) ।

मानव सम्पदाको विकासको क्रमसँगै शिक्षाको प्रारम्भ भएको हो । शिक्षालाई ज्ञान आर्जन गर्ने माध्यमको रुपमा लिइएको छ । शिक्षा विकासलाई हेर्दा मानिसले पार गर्दै आएका एक युगले अर्को युगलाई पाठ पढाएको पाइन्छ । नेपालको स्थापना कालदेखि नै शिक्षाको शुरुवात भई यसको विकास आफ्नै गतिबाट हुँदै आएको पाइन्छ । प्राचिन कालमा बाबुले छोरालाई आमाले छोरीलाई आफ्नै ज्ञान सीप संस्कार अनुसारको शिक्षा दिने गर्दथे । प्राचिन नेपालको शिक्षा पूर्ण रुपमा गुरुकूलमा आधारित थियो । शिक्षाको आधार बेदलाई मानिएको थियो, (शर्मा, २०६२) ।

नेपालको शैक्षिक इतिहासलाई नै हेर्ने हो भने  बि.सं. १८९० मा जंगबहादुर राणाले शासनसत्ता हातमा लिएपछि अंग्रेजी शिक्षाबाट प्रभावित भई बि.सं. १९१० असोज २७ मा अंग्रेजी प्रारम्भिक स्कुलको स्थापना, १९३२ देखि भाइभारदारका छोराहरुले प्रवेश पाउन थालेका, १९४२ देखि सर्वसाधारण जनताका छोराले प्रवेश पाउन सक्ने व्यवस्था, शुरुमा हाइस्कुलको सम्बन्धन कलकत्ता विश्वविद्यालयसँग रहेकोले कक्षा १० को अन्तिम परीक्षा दिन कलकत्ता जानुपर्ने अवस्था थियो, बि.सं. १९१५ मा शिक्षा विभागको गठन १९३२ मा भोजपुरको दिङ्लामा बालागुरु षडानन्दले संस्कृत पाठशालाको स्थापना, १९३४ मा रानीपोखरी पाठशालाको स्थापना पछि संस्कृत शिक्षाको पनि सरकारी तवरबाट शुरुवात । देवशमशेरले देशभरी करिब ३०० पाठशाला खोल्ने उद्देश्यले करिब ३ लाख रुपैयाँ

छुट्याएका थिए, छोटो अवधिमा ५७ वटा पाठशालाहरु खोले । १९५८ बैशाख ३० मा काठमाडौंमा पाठशालाको स्थापना भएतापनि असोज ११ मा चन्द्रशमशेरले खारेज गरिदिएका थिए । वि.सं. १९८० असार २२ गते काठमाडौं, पाटन र भक्तपुरमा ४

श्रेणीसम्म पढाउने कन्या पाठशाला खोले । देवशमशेरको पालामा सर्वप्रथम जय पृथ्वीबहादुर सिंहले नेपाली भाषाको पाठ्यपुस्तक अक्षरांक शिक्षा तयार भएको १९५८ बैशाख २४ देखि गोरखापत्रको प्रथम प्रकाशन उपत्यका बाहिरको पहिलो अंग्रेजी विद्यालय चन्द्र मिडिल स्कुलको नामबाट १९७२ मा सिराहामा खुल्यो । सरकारी कामकाज गर्नकालागि १९६२ कार्तिकमा श्रेस्ता पाठशालाको स्थापना, श्रेस्ता पाठशालामा पढ्ने विद्यार्थीको परीक्षा गरी पास हुनेलाई प्रमाणपत्र दिन १९६७ कात्तिकमा पासजाँच अड्डाको स्थापना श्रेस्ता पाठशालामा लेख, श्रेस्ता, हिसाब र औंठाको सहीछाप गरी चार विषय पास गरेकालाई चार पासे भनिन्थ्यो । जतिवटा विषयहरु पास गऱ्यो त्यति पासे भनिन्थ्यो । यो शिक्षा केवल जागिर खाने भन्ने बारेमा मात्र केन्द्रित रहेको थियो । पुरानो परपाटि भएका कारणले गर्दा पनि शिक्षकले केसरी अध्यापन गराउनु पर्दछ, विर्थीमा कस्ता व्यवहार गर्नु राम्रो हुन्छ , के कसरी प्रस्तुत गर्दा सबै विद्यार्थीका लागि बोधगम्य हुन सक्दछ भन्ने कुरा त्यतिबेलाको पठन पाठनमा कुनै पनि खोजको विषयवस्तु नभएको पाइन्छ, (अधिकारी,सन् २०१३)।

चन्द्र शमशेरले भाषा पाठशालाहरुको निरीक्षण गर्न १९७६ मा पाठशाला बन्दोबस्त इन्स्पेक्टरी अफिसको स्थापना गरेका ,१९९३ मा गठन भएको २२ सदस्यीय शिक्षा समितिको सुझाव अनुसार १९९४ मा सर्वप्रथम प्राथमिक स्कूलको पाठ्यक्रम प्रकाशनमा आएको पाइन्छ । १९६८ देखि म्याट्रिकुलेसन परीक्षामा नेपाली भाषाको माध्यमबाट परीक्षा दिन पाईने व्यवस्था भएको थियो । १९७० फागुनमा गोरखा भाषा प्रकाशिनी समितिको अड्डा खुलेको र १९८९ देखि यसको नाम नेपाली भाषा प्रकाशिनी समिति १९७५ भाद्र २७ मा उच्च शिक्षाको व्यवस्था गर्न त्रिचन्द्र कलेजको स्थापना, शुरुमा कलकत्ता विश्वविद्यालयसँग सम्बन्धन भएकोमा १९८० देखि पटना विश्वविद्यालयसँग सम्बन्धन सारिएको । १९९० कार्तिक १६ मा एस.एल.सी. परीक्षा बोर्डको गठन भएपछि विद्यालय तहको अन्तिम परीक्षा दिन बाहिर जानुनपर्ने भयो । १९८६ देखि पटना विश्वविद्यालयको परीक्षा केन्द्र काठमाडौंमा खुलेको थियो । त्यतिवेला नेपालमा दरबार र पाटन हाइस्कुल मात्र थिए । पहिलो परीक्षा नियन्त्रक नन्दराम उप्रेती नियुक्त । पहिलो वर्ष दरबारका २७ र

पाटनका ७ गरी ३४ जनाले  परीक्षाको लागि फर्म भरेका, ३३ जना परीक्षामा सम्मिलित भएका मध्ये १० जना दोस्रो र ९ जना तेस्रो श्रेणीमा उत्तीर्ण । १९८८ को पुस्तकालय पर्व (लक्ष्मीप्रसाद देवकोटा, जोगवीर सिंह, हरिकृष्ण श्रेष्ठ, कृष्णप्रसाद थपलिया समेत ४६ लाई थुनेको)  १९८६ कात्तिक ४ गते पं. कृष्णप्रसाद कोईरालाको निर्वासन समयमा उनकै सक्रियतामा भारतको टेन्डी भन्ने ठाउँमा  आदर्श विद्यालयको स्थापना भएको र १९९२ मा विराटनगरमा सारियो । २००४ मा ताहाचलमा आधार स्कुलमा पढाउने शिक्षक तयार गर्न पहिलो शिक्षक शिक्षण केन्द्रको स्थापना, २००४ साल असोज १६ गते विभिन्न १४ ठाउँमा आधार स्कुलको स्वीकृति भएको । २००५ सालमा काठमाडौंमा पहिलो पूर्वप्राथमिक मन्टेश्वरी स्कुलको स्थापना भएको पाइन्छ । यतिबेलाको शैक्षिक अवस्थालाई हेर्न हो भने अत्यन्त दमनात्मक शैक्षिक अवस्था थियो । नेपालमा प्रजातन्त्रको बहालीसँगै शिक्षामा पनि नयाँ नयाँ चिन्तनहरु आएको पाइन्छ, (अधिकारी,  सन् २०१३) ।

शिक्षा आयोगको प्रतिवेदन (२०४९) ले शिक्षा क्षेत्रको विविधि क्षेत्रमा काम गर्ने जनशक्तिलाई तालिम प्रदान गर्ने, तालिमका नीति निर्धारण, अनुसन्धान तथा मूल्यांकनका कार्यहरु सम्पादनका लागि एउटा केन्द्रीय निकायको आवश्यकता औंल्याए पछि वि.सं. २०५० सालमा शैक्षिक जनशक्ति किवास केन्द्रको स्थापना भयो । यसले अन्य कुराहरुको अतिरिक्त शिक्षकलाई तालिम प्रदान गर्ने लक्ष्यका साथ दक्ष शिक्षकबाट असल कार्यनीतिको प्रयोग गर्दा शिक्षण कार्य सफल हुन्छ भन्ने कुरालाई जोड दिएको छ, ( ढकाल, २०५२) ।

आजको परिवर्तनशील समयसँगसगै शिक्षा सम्बन्धी धारणामा पनि परिवर्तन आएको छ । आजको आधुनिक धारणा अनुसार शिक्षालाई विद्यालयको चौघेराभित्र मात्र सीमित गर्नु हुँदैन । शिक्षा स्वतन्त्र, व्यवहारिक, कार्यमूलक, रोजगारमूलक र सर्वसुलभ हुनुपर्दछ । आजको प्रतिस्पर्धात्मक समयमा अविकसित देशका बालबालिकालाई विकसित मुलुकका बालबालिकाहरुसँग प्रतिस्पर्धा गर्नसक्ने बनाउन उनीहरुहलाई समय सुहाउँदो आवश्यकता अनुसारको ज्ञान, सीप र प्रकृति प्रदान गर्न सक्ने गुणस्तरीय शिक्षा दिनु आवश्यक छ । उक्त सक्षम र दक्ष जनशक्ति उत्पादन गर्नका लागि प्रभावकारी शिक्षण सिकाइको जरुरी

पर्दछ । शिक्षण एक पेशा हो । शिक्षण पेशालाई सफलतापूर्वक कार्यान्वयन गर्नु गराउनु शिक्षकको काम हो । शिक्षकका लागि विभिन्न शिक्षकमा गुणहरुको आवश्यकता पर्दछ । शिक्षण कार्य भनेको मानवीय व्यवहारसँगको प्रत्यक्ष अन्तरक्रिया हो । मानवीय क्रियाकलापसँगको अन्तरक्रिया सबै कार्यहरु भन्दा गाह्रो कार्य हो । यसका लागि शिक्षकमा विशेष कलाको आवश्यकता पर्दछ । त्यसैले भनिन्छ शिक्षण कला हो र शिक्षक एक कलाकार हो, (शर्मा एण्ड शर्मा) ।शिक्षण सिकाइ कार्यनीति भनेको कार्यको त्यस्तो रुप हो । जुन कुनै उद्देश्य प्राप्त गर्नका लागि प्रयोग गरिन्छ, साथै यसले कुनै कार्यलाई रक्षा समेत गर्दछ । (B.O Smith) collive English Distionary 1968।रणनीति सेनाको विज्ञानबाट लिएको भन्दै इनसाइको पेडियामा भनिएको छ कि रणनीति भनेको योजना तथा निर्देशनयुक्त कलाको विज्ञान हो । जसरी सेनाले भीषण युद्धमा पनि आफ्नो रणकौशलको प्रयोग गरी सफलताप्राप्त गर्न सक्छ ठीक त्यसैगरी शिक्षकले पनि कठिनभन्दा कठिन परिस्थितिमा पनि आफूमा निहित विभिन्न कौशलहरुको प्रयोग गरी विद्यार्थीलाई आफूले राखेको उद्देश्यमा पारङ्गत गराउन प्रयोग गर्ने कलायुक्त तरिकालाई शिक्षणका रणनीति वा कार्यनीति भनिन्छ ।

शिक्षण सिकाइ रणनीति पाठ्यक्रमको एक समान्यकृत योजना हो । जसमा अपेक्षित व्यवहार अनुरुप व्यवहारलाई परिवर्तन गर्नका लागि शैक्षणिक क्रियाकलापलाई उद्देश्यका रुपमा लिइएको हुन्छ । यसलाई प्राप्त गर्न र लागु गर्नका लागि आवश्यक युक्तिहरुको रुपरेखा समेत सम्मिलित गरिएको हुन्छ।नेपालमा केही दशक अगाडिदेखि शिक्षकशिक्षण योजनाहरु भएतापनि त्यसको उपलब्धि सन्तुष्टिपूर्ण हुन नसकेको कुरा अनुसन्धानले देखाएको पाइन्छ । नेपालमा शिक्षकहरुको मुख्य कमजोरी वास्तविक कक्षाकोठाको अवस्थासँग उचित कार्यनीतिको प्रयोग गर्न नसक्नु हो । शिक्षकशिक्षण आयोजनाले राष्ट्रिय उद्देश्य तथा विद्यालयको पाठ्यक्रमबिच तालमेलको कमिको कारणले प्रयोगात्मक सीप भन्दा शैक्षिक ज्ञान जुटाउन जोड दिएको पाइन्छ । नेपालमा दिइने तालिमले स्थानीय समुदायको आवश्यकता परपूर्ति गर्न सकेको देखिँदैन । अन्य पेशा नभएपछि जतातत‌ै काम नलाग्ने शिक्षक बन्ने प्रवृत्ति थियो भने अर्को तर्फ जोसुकै पनि यस क्षेत्रमा संलग्न

हुने र त्यसलाई सरकारले बढवा दिनाले  शिक्षाको गुणस्तर खस्कँदै जानुको कारण नेपालमा अहिले ३९.३ प्रतिशत (विद्यालय तहको शैक्षिक तथ्यांक २०६०) माध्यमिक तहमा तालिम प्राप्त हुनुले प्रमाणित गर्दछ । तालिमले जति मात्रामा शिक्षकको पेशागत दक्षता अभिवृद्धि गर्नुपर्ने हो, त्यति मात्रामा हुन सकेको भने पाइँदैन ।

शिक्षकले तालिमबाट सिकेको ज्ञान र सीपहरु कक्षाकोठामा रुपान्तरण गर्न सकेको पाइँदैन । शिक्षण पेशालाई सफल र मर्यादित पेशाका रुपमा स्थपित गर्ने शिक्षकका पेशागत क्षमताको आवश्यकता पर्दछ । तालिम प्राप्त शिक्षकहरु समाजका आवश्यकता परिपूर्ति गर्ने प्रयोगात्मक सीपहरुको कमी भएको देखाएको थियो । शिक्षकले तालिमबाट सिकेको ज्ञान र सीपहरु विद्यार्थीलाई हस्तान्तरण गरी सिकाइ प्रभवाकारी बनाउनु पर्ने आशा गरे पनि शिक्षकले अभ्यास र प्रयोग गर्न सकेको पाइँदैन । असलशिक्षक बन्नको लागि व्यक्तिगत, सामाजिक र शैक्षिक गुणहरु हुनु आवश्यक छ, (ढकाल, २०५२) ।

आज विश्वभरि नै शिक्षकले कक्षाकोठामा प्रयोग गर्ने कार्यनीतिहरुको बारेमा नयाँ नयाँ अध्ययन र अनुसन्धान भई शिक्षकका गुण र विशेषताहरु एवम् शिक्षकको व्यवहार सम्बन्धी कुराहरु आउने क्रम जारी छ । शिक्षण विधि, प्रक्रिया, क्रियाकलाप, मूल्यांकन सम्बन्धमा समय समयमा अध्ययन अनुसन्धान पनि भइरहेको पाइन्छ । शिक्षकको क्षमता विकासमा आधारित र स्थानीय आवश्यकतामा आधारित शिक्षकतालिम दिइ विशिष्ट व्यवहारको विकास गर्ने प्रयास नेपालमा गरिएको पाइन्छ ।

गणित विषय अध्ययन गर्नका लागि विद्यार्थीहरुले गाह्रो मान्ने, बढी विद्यार्थीहरु गणित विषयमा फेल हुने जस्ता समस्याहरुले गर्दा यस विषयलाई अध्ययन गर्ने शिक्षकले आफ्ना कार्यनीतिहरुलाई अरु थप प्रभावकारी ढंगबाट कक्षाकोठामा प्रयोग गर्नु आवश्यक देखिन्छ । यिनै कुरालाई दृष्टिगत गर्दै मा.वि. तहको गणित शिक्षणमा शिक्षकले प्रयोग गर्ने कार्यनीतिहरु नामक शीर्षकमा प्रस्तुत शोधकार्य तयार गरिने छ ।

## १.२ समस्याको कथन

विद्यालयमा लेख पढ गर्न आउने बालबालिका भिन्न भिन्न परिवेशबाट आएका हुन्छन् । उनीहरुको रुची, इच्छा, चाहना, उमेर भाषा बालमनोविज्ञान बुझेर सोही अनुसार शिक्षण गर्नु एक असल शिक्षकको कर्तव्य हुन्छ । शिक्षण सिकाई रणनीतिले प्रभावकारी शिक्षणका लागि मार्गनिर्देशन गर्दछ ।वर्तमान परिवेशलाई हेर्ने हो भने शिक्षा एकमात्र त्यस्तो साधन हो  जसले आजको मानिसका सामु आइपर्ने यावत समस्याको समाधान गर्न सक्छ । शिक्षण पेशा ज्यादै जटिल र चुनौतिपूर्ण पेशा हो । शिक्षकले कक्षाकोठामा प्रवेश गर्नु पूर्व नै आफूले कुन विषय बस्तुको शिक्षण गर्ने हो र त्यसको लागि कुन विधि र कस्तो शिक्षण सामग्रीको प्रयोग प्रभावकारी हुन्छ भन्ने कुराको योजना तयार गर्नुपर्ने हुन्छ । तब मात्र शिक्षण कार्यमा कुनै अवरोध आउँदैन । उचित शिक्षण कार्यनीतिले शिक्षण कार्यमा क्रमबद्धता कायम गर्न सहयोग पुऱ्याउँछ । शिक्षकले विविधताको सिद्धान्तलाई ध्यानमा राखी विधितय गर्ने हुँदा कक्षामा रहेका सबै मनस्थितिका विद्यार्थीहरु विषयवस्तु ग्रहण गर्न सक्षम हुन्छन् । उद्देश्यका आधारमा विधिहरु तथा शिक्षक सामग्रीको छनोट गरी शिक्षक कक्षा शिक्षणमा लागेमा मात्र उद्देश्यपूर्ण, प्रभावकारी र व्यवहारिक शिक्षण सम्भव हुन्छ ।

शिक्षामा आज विश्वले कैयौं प्रगति गरिसकेको अवस्थामा हाम्रो देशमा पुरानो तथा परम्परागत शिक्षण प्रणालीले जरो गाडेको अवस्था रहेको पाइन्छ । पुरानै शिक्षण कार्यनीतिहरु प्रयोगमा छन् । नयाँ विधि तथा प्रविधिहरुको प्रयोग नगन्य मात्रामा भएको पाइन्छ । यसो हुनुमा विद्यालयमा पाठ्यक्रम, शिक्षक निर्देशिका समयमा नै नपुग्नु र कतिपय दुर्गम भेगका सामुदायिक विद्यालयमा पाठ्यपुस्तक पनि समयमा नै नपुग्नु साथै विद्यालयमा तालिम अप्राप्त शिक्षक हुनु पनि हो ।

त्यसै गरी CERID 2047को अध्ययनले तालिम अप्राप्त शिक्षकको कक्षा नियन्त्रणमा ८४ प्रतिशत शिक्षकको कोठामा हल्ला झगडा र कक्षा नआउने र अटेरी विद्यार्थीलाई शिक्षकले शारीरिक सजाय गर्ने उल्लेख गरिएको छ । जसलाई यस अध्ययनको समस्याको रुपमा लिएको छ ।  सरकारी तथा गैह्र सरकारी संघसंस्थाले समय समयमा

शिक्षकहरुलाई विभिन्न किसिमका तालिम सञ्चालन गरी रहेको पाइन्छ । ती तालिमबाट शिक्षकको पेशागत अभिवृद्धि गर्ने, प्रभावकारी शिक्षण गर्ने, सिकाइको उद्देश्यहरु पूरा गर्ने शैक्षिक प्रविधिको विकास गर्ने, बालमनोविज्ञान र शिक्षण विधिको आधारमा विद्यार्थीहरुका आवश्यकता अनुसारको ज्ञान, सीप र प्रविधिको विकास गर्न सहयोग पुऱ्याउँछ भन्ने उद्देश्य लिएको हुन्छ तर जति मात्रामा तालिम लिएता पनि विद्यार्थीको रुचि एवम् चाहना अनुरुप शिक्षण नहुनु,मनोविज्ञानका आधारमा शिक्षण गर्न नसक्नु, शिक्षण विधि र मूल्यांकनमा नयाँ प्रविधि अपनाउनु र विद्यार्थीको व्यवहारमा परिवर्तन ल्याउन नसक्नु जस्ता कारणहरुले गर्दा मा.वि. तहको गणित शिक्षणमा समस्या सृजना भएको त होइन भन्ने जस्ता प्रश्नहरुको आधारमा शिक्षक कार्यनीतिलाई यस अध्ययनको मुख्य समस्याको रुपमा लिइएको छ ।

## १.३ अध्ययनको औचित्य

शिक्षण एक कला हो र शिक्षक एक कलाकार हो, (शर्मा एण्ड शर्मा) । एउटा असल र सफल शिक्षकले जस्तोसुकै चुनौतिलाई पनि सहज र सरल रुपमा लिई सफलता हासिँल गर्न कला हुनु पर्दछ । त्यसमा लागि उपयुक्त शिक्षण सिकाइ कार्यनीतिको छनोट गर्नु पर्दछ । शिक्षण कार्यनीति पाठ्यवस्तुको एक सामान्यकृत योजना हो । जसमा अपेक्षित व्यवहार अनुरुप व्यवहारलाई परिवर्तन गर्नका लागि शैक्षणिक क्रियाकलापलाई उद्देश्यको रुपमा लिएको हुन्छ । साथै यसलाई प्राप्त गर्ने र लागु गर्नको लागि आवश्यक युक्तिहरुको रुपरेखा समेत सम्मिलित गारिएको हुन्छ । शिक्षण सिकाइ कार्यनीतिले शिक्षकलाई प्रभावकारी, व्यवहारिक र उद्देश्यपूर्ण शिक्षण सिकाइका लागि मार्ग निर्देश गर्दछ । यति हुँदा हुँदैन पनि शिक्षकमा आफूमा ज्ञानको कमीका साथै अल्छिपनाले गर्दा उपयुक्त शिक्षण कार्यनीतिको चयन गर्न नसक्नाले शिक्षण कार्य प्रभावकारी र उद्देश्यपूर्ण नभएको पाउन सकिन्छ ।

चितवन जिल्लाको भरतपुर नगरपालिका अन्तर्गत लंकू स्रोतकेन्द्रका सामुदायिक विद्यालयहरुमा सञ्चालन गरिने यो अध्ययनको मूख्य औचित्य गणित शिक्षकहरुले कक्षाकोठामा प्रयोग गर्ने कार्यनीतिको अध्ययन गर्नु हो । यस अध्ययनबाट प्राप्त

निष्कर्षको आधारमा सम्बन्धित विद्यालयका गणित शिक्षकलाई आ आफ्नो कमी कमजोरी पत्ता लगाई शिक्षामा रहेका असमानतालाई सुधार गर्न कक्षाकोठामा प्रयोग गरिने कार्यनीतिमा सुधार ल्याई विद्यार्थी उपलब्धि वृद्धि तथा आवश्यक सुधारका लागि सम्बन्धित पक्षमा सुझाव दिनका लागि सहयोग पुग्ने  देखिन्छ । प्राप्त सूचना कै आधारमा अभिभावक, शिक्षक, विद्यार्थी, शिक्षा शिक्षा कर्यालय, क्षेत्रीय शिक्षा निर्देशनालय, शिक्षा विभाग र शिक्षा मन्त्रालय जस्ता संघ संगठनलाई आवश्यक योजना, रणनीति निर्माण र कार्यान्यनमा समेत सहयोग पुग्ने आशा गरिएको छ । यसै गरी शिक्षकलाई विद्यार्थीमा अन्तरनिहित क्षमताको पहिचान गरी उनीहरुको शारीरिक मानसिक एवम् बौद्धिक पक्षको विकास गर्न विद्यार्थीको प्रतिभा, रुचि, सिकाइ, कमजोरी र व्यवहारका बारेमा जानकारी लिन, उनीहरुको इच्छा, आकांक्षा चाहनाअनुसार शिक्षण गर्ने, विद्यार्थीको वैयक्तिक मूल्यांकन गर्ने, शिक्षण सिकाइमा विद्यार्थीको सक्रिय सहभागिता गराई सफल शिक्षक हुनको लागि समेत यस अध्ययनले सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ । साथै शिक्षकलाई उपयुक्त कार्यनीतिको प्रयोग गर्न यस अध्ययनले महत्व राख्दछ ।

## १.४ अध्ययनको उद्देश्य

क) गणित विषय शिक्षकहरुले कक्षाकोठामा प्रयोग गरेका शिक्षण सिकाइ कार्यनीतिको पहिचान गर्नु ।

ख) गणित विषय शिक्षकहरुले कक्षाकोठामा प्रयोग गरेका शिक्षण सिकाइ कार्यनीतिमा देखिएका समस्याहरुको विश्लेषण गर्नु ।

ग) कक्षाकोठामा गणित विषयको शिक्षण सिकाइ कार्यनीतिलाई प्रभावकारी बनाउने उपायहरु सुझाउनु ।

## १.५ अनुसन्धान प्रश्नहरु

क) गणित शिक्षकहरुले कक्षाकोठामा प्रयोग गरेका कार्यनीतिको वर्तमान अवस्था के कस्तो रहेको छ ?

ख) गणित विषय शिक्षकहरुले आवश्यक कार्यनीति एवम् शैक्षिक सामग्रीको प्रयोग गर्दा के कस्ता समस्याहरु रहेका छन् ?

ग) शिक्षकमा विद्यार्थी मूल्यांकन गर्ने तरिका के कस्तो रहेको छ ?

घ) शिक्षकहरुले शिक्षण सिकाइ कार्यनीतिहरुको प्रयोगमा देखिएका समस्याहरुलाई समाधान गर्ने उपायहरु के के हुन सक्छन् ?

## १.६ अध्ययनको परिसीमा

यो अध्ययन शिक्षासँग सम्बन्धित रहेको हुँदा यसको क्षेत्र व्यापक र विस्तृत रहेको पाइन्छ । कुनै पनि अध्ययन अनुसन्धानको सीमीत विशेष गरी दुई वटा कुराले निर्धारण गर्दछ । एउटा भौगोलिक क्षेत्र र अर्को शैक्षिक क्षेत्र । देशका सम्पूर्ण विद्यालयहरुमा कार्यरत शिक्षकहरुले कक्षाकोठामा प्रयोग गरेका कार्यनीतिको अवस्था तुलना गर्न यो अध्ययन पर्याप्त हुन सक्दैन । तसर्थ यो अध्ययन कार्य आर्थिक, भौगोलिक, समय र साधनस्रोतको अभावका कारणले निम्न सीमाभित्र रही सञ्चालन गरिएको छ । यो अध्ययन चितवन जिल्ला भरतपुर नगरक्षेत्र अन्तर्गतका ६ वटा सामुदायिक विद्यालयका २१२शिक्षकहरु मध्येमा उद्देश्यपूर्ण नमुना छनोट विधिका आधारमा प्रत्येक विद्यालयबाट मा.वि. तहका १।१ का दरले ६ जना गणित विषयमाध्यमिक तहका गणित शिक्षकले प्रयाेग गरेका कार्यनीतिहरु जस्तै, विद्यार्थी उत्प्रेरणा, कक्षा नियन्त्रण, शिक्षण विधि, शैक्षिक सामग्रीको प्रयोग, कक्षाकोठामा विद्यार्थी सहभागिता वातावरण, पाठको अन्त्य, मूल्यांकन, पृष्ठपोषण, गृहकार्य जस्ता पक्षको अवलोकन गरी प्राप्त सूचनाको आधारमा व्याख्या एवम् विश्लेषण गरी तोकिएका उद्देश्यलाई पूरा गर्ने गरी यो अध्ययनको परीसिमा तोकिएको छ ।

# परिच्छेद : दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

कुनै पनि अध्ययन कार्यलाई उद्देश्य अनुसार पूर्णता प्रदान गर्नका लागि अध्ययन कार्यसँग सम्बन्धित लेखरचना, बुद्धिजिविका भनाइ,पत्रपत्रिकाहरुलाई अध्ययन गरी त्यसलाई अनुसन्धान कार्यको उद्देश्य अनुसार समीक्षा गरी पुनरावलोकनको रुपमा प्रस्तुत गर्नु अनुसन्धानकर्ताको दायित्व अन्तर्गत पर्दछ । जसले शाोधकार्यलाई बस्तुनिष्ट तथा व्यवहारिक रुपले सम्पन्न गर्नका लागि थप सहयोग पुगेको छ । यसै कुरालाई दृष्टिगत गर्दै मा.वि. तहको गणितशिक्षणमा शिक्षकले प्रयोग गर्ने कार्यनीतिहरुको अध्ययन नामक शीर्षकमा गरिएको प्रस्तुत शोधपत्रमा साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाकालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

सुवेदी, (२०६०) का अनुसार राष्ट्रिय शिक्षा आयोगको प्रतिवेन २०४९ ले प्रशिक्षण नीतिमा विद्यालय तहको शिक्षण पेशामा प्रवेश गर्ने शिक्षण प्रशिक्षण गर्न हाल शिक्षण पेशामा प्रवेश गरिसकेका तर तालिम नभएका शिक्षकहरुलाई अनिवार्य रुपमा तलिम दिने व्यवस्था मिलाउने, तालिमप्राप्त शिक्षकहरुलाई तलब दिने तथा अन्य सुविधाहरु तालिमको अनुसार मिलाउँदै लैजाने, शिक्षक प्रशिक्षकमा महिलाहरुलाई ग्राहयता दिने र विभिन्न तहको शिक्षकहरुका लागि प्रशिक्षण कार्यक्रमहरु निर्धारण गर्ने जस्ता कुराहरु उल्लेख गरिएको पाइन्छ । NCED, 2004ले तालिम प्रदायक संस्थाहरुमा गरेको अनुसन्धानबाट धेरैजसो तालिम प्रदायक संस्थाहरुमा भौतिक सुविधा शैक्षिक सामग्रीको अभावरहेको, प्रशिक्षकले आवश्यक तालिम प्रशिक्षकले आवश्यक र कक्षालाई योजनबद्ध ढंगले सञ्चालन नगरेका, शैक्षिक सामग्री र कक्षाकोठाको व्यवस्थापन कमजोर रहेको, प्रौढ शिक्षकहरु तालिमप्रति उदासीन भएको र प्रशिक्षकलाई आवश्यक पर्ने तथा प्रशिक्षार्थीलाई आवश्यक पर्ने सन्दर्भ सामग्री यथेष्ट नभएको कुरा उल्लेख गरिएको छ ।

पौडेल (२०६७) मा उदृत गरिए अनुसार जनशक्ति विकास केन्द्रले (२०००) मा गरेको अध्ययन अनुसार प्रशिक्षकले शिक्षकका लागि नमुनाको रुपमा प्रस्तुत  हुन नसकेको कुरालाई औँल्याइएको छ । प्रशिक्षकको तयारी प्रभावकारी देखिएका छैनन् । भौतिक सुविधा कम भएको, विद्यार्थीहरु बढी भएको कारणबाट तालिममा सिकेका कुराहरु हस्तान्तरण हुन सकेका छैनन् । कतिपय कुराहरु उत्तर दिन सक्ने तर आफूले दिएको उत्तरकै आधारमा कक्षामा सीप प्रयोग गर्न नसकेको पाइयो । आफ्नो पेशाप्रति प्रतिवद्ध र उत्प्रेरणा नभएको कारणबाट पनि शिक्षकहरु तालिम प्रति उदासिन रहेको देखियो ।

अयोध्या कुमार भट्टराई सन् (२०१४)ले कान्तिपुर पत्रिकामा समावेशी शिक्षाको महत्व र प्रयोग नामक शीर्षकमा उल्लेख गरे अनुसार  राज्यको मूल प्रवाहमा समाहित हुन नसकेका वा पछाडी परेका वा पारिएका महिला, आदिवासी जनजाती, मधेसी, दलित लगायत सिमान्तकृत वर्गका लागि क्षतिपुर्तीको सिद्धान्तको आधारमा राज्यको मूल प्रवाहमा ल्याउन अपनाइएको लोकतान्त्रिक विधि समावेशीकरण हो । नेपालको अन्तरिम संबिधान, २०६३ ले शिक्षालाई आधारभूत मौलिक हकको रुपमा स्थापित गरेको हुँदा भौगोलिक, आर्थिक, सामाजिक, सास्कृतिक, भाषिक, धार्मिक कारणले शिक्षा प्राप्त गर्न नसकेका वर्ग तथा महिला, आदिवासी जनजाती, मधेसी, दलित, गरिब, पिछडिएको क्षेत्रका बासिन्दा, अशक्त, अपाङ्गता भएका फरक क्षमता भएका, युद्ध तथा द्वन्दमा परेका, घरेलु श्रमिक, सडक बालबालिकाहरुलाई उनिहरुको आबश्यकतालाई दृष्टिगत गरि उनिहरुको रुची र चाहना अनुसार उनिहरुको पहुँच पुग्ने स्थान र वातावरणमा दिइने शिक्षा नै समावेशी शिक्षा हो भन्ने कुराको उल्लेख गर्दै विद्यालयमा अध्यापन गर्ने शिक्षकले पनि समावेशी तवरले सबै बालबालकाहरुलाई सहज हुनेखालका कार्यनीति अवलम्बन गर्नु पर्दछ भन्ने कुरालाई लेखमा उजागर गरिएको छ। सो लेखमा उल्लेख भए अनुसार कुनै शिक्षकले कार्यनीतिको अवलम्बन गर्दा विद्यार्थीको रुचि, क्षमता इच्छा अनुसारको कार्यनीति अवलम्बन गरी मनोवैज्ञानिक ढंगबाट अध्यापन गराउन सकेको खण्डमा नै शैक्षिक उपलब्धि वृद्धि  हुन सक्ने कुरालाई समेत लेखमा उल्लेख गरिएको छ।

बराल (सन् २०१४) ले कान्तिपुर डट कममा कक्षाकोठामा पाठ्यक्रमको सृजनात्मक प्रयोग नामक शीर्षकमा उल्लेख गरे अनुसार  नेपालको विद्यालय शिक्षामा योजनावद्ध तवरले पाठ्यक्रमको प्रयोग भएको चार दशकभन्दा बढी भइसकेको छ। विद्यालयीय तथा विश्व विद्यालयीय शिक्षाको शिक्षण सिकाइको मुख्य केन्द्र पाठ्यक्रम हो । सिकारुले किन सिक्ने, के सिक्ने, कसरी सिकाउने, सिके नसिकेको कसरी जाँच्ने जस्ता विषयमा पाठ्यक्रमले निर्देश गर्दछ । यिनै कुराहरुलाई पालना गरेर शिक्षंकहरुले अध्यापन गर्नु भनेको शिक्षकको कार्यनीति अन्तर्गत पर्न आउँछ जसले गर्दा दिगो सिकाइ हुनुका साथै सिकाइ प्रभावकारी हुन गई शैक्षिक उपलब्धि बृद्धिमा समेत सहयोग पुग्ने कुरालाई लेखमा उल्लेख गरिएको छ । पाठ्यक्रमले तोकेका लक्ष्य तथा उद्देश्य प्राप्त गर्न पाठ्यपुस्तक, कक्षाकोठा, शिक्षक, शिक्षण सिकाइ कार्यनीति तयार गरिएको हुन्छ। पाठ्यक्रमको मुख्य प्रयोगस्थल कक्षा कोठा हो, प्रयोगकर्ता शिक्षक भएको हुँदा पाठ्यक्रममा तोकिए अनुसारको कार्यनीति शिक्षकले अवलम्बन गर्नु शिक्षकको दायित्व अन्तर्गत पर्न आउने गर्दछ भन्ने कुरालाई उजागर गर्दै  यस लेखमा पाठ्यक्रमको परम्परागत बुझाइका साथै पाठ्यक्रमको सिर्जनात्मक प्रयोगका सन्दर्भमा चर्चा परिचर्चा गरिएको छ । लेखमा पाठ्यक्रमको अर्थ, पाठ्यक्रमको सिर्जनात्मक प्रयोग, पाठ्यक्रमको सिर्जनात्मक प्रयोगमा देखिएका समस्याहरू, पाठ्यक्रमको सिर्जनात्मक प्रयोग गर्ने उपायहरू र अन्त्यमा निष्कर्ष निकालिएको छ । शाब्दिक अर्थमा पाठ्यक्रमलाई दौडको मैदान अर्थात लक्ष्य प्राप्तिका लागि अगाडि बढ्ने बाटो मानिएको छ। शिक्षण सिकाइलाई लक्ष्यमा पुग्ने एक प्रकारको दौडहो भन्ने कुरालाई उल्लेख गरेर मैदानरुपी पाठ्यक्रममा दौडनका लागि शिक्षकले प्रयोग गर्ने कार्यनीतिले नै अपरिहार्य भूमिका निर्वाह गर्ने गरेको तथ्य लेखमा उल्लेख गरिएको छ।

कोलिङ इङ्लिस डिक्सनेरीका अनुसार १९६८ मा उल्लेख गरिए अनुसार रणनीति वा कार्यनीतिको शाब्दिक अर्थ युद्धकाल वा युद्धकौशल हुन्छ । सेनाको विज्ञानबाट लिइएको भन्दै इन्साइक्लोपीडायमा भनिएको छ कि रणनीति (कार्यनीति) भनेको योजना तथा निर्देशन युक्त कलाको विज्ञान हो। जसरी सेनाले भीषण युद्धहरुमा पनि आफ्नो

रणकौशलको प्रयोग गरी सफलता प्राप्त गर्न सक्छ ठीक त्यसैगरी शिक्षकले पनि कठिन भन्दा कठीन परिस्थिति आफूमा निहित विभिन्न कौशलहरुको प्रयोग गरी विद्यार्थीहरुलाई आफूले राखेको उद्देश्यमा पारंगत गराउन प्रयोग गर्ने तरिकालाई शिक्षणका रणनीति भनिन्छ ।

स्टोन एण्ड मोरिसका अनुसार शिक्षण रणनीति वा कार्यनीति पाठ्यवस्तुको एक सामान्यकृत योजना हो जसमा अपेक्षित व्यवहारअनुरुप व्यवहारलाई परवर्तन गर्नका लागि शैक्षणिक कार्यकलापलाई उद्देश्यका रुपमा लिइएको हुन्छ साथै यसलाई प्राप्त गर्नका लागि आवश्यक युक्तिहरुको रुपरेखा समेत सम्मिलित गरिएको हुन्छ, (पौडेल, २०६०, ५७) ।

शिक्षण सिकाई प्रक्रिया भनेको विद्यार्थी र शिक्षक बिचको सुमधुर अन्तरक्रिया हो । विगतको समयमा शिक्षण विधि एउटा विद्यार्थीको खाली दिमागमा शिक्षकले आवश्यक सुचनाहरु भरिदिने कार्यमा सिमित थियो र थोरै मात्रामा खोज कार्य र शिक्षण सिकाइको सहयोगीको रुपमा दिने गरिन्थ्यो । वर्तमान समयमा धेरै शिक्षण विधिहरु प्रयोगमा आएका छन्, जसले विद्यार्थीहरुलाई विभिन्न सूचनाहरु प्रदान गर्दछन् । यस्ता विधिहरुले एउटा व्यक्तिले, ठूलो समूह वा सानो समूह बिचको अन्तरक्रियाद्वारा सिकाईलाई अगाडि बढाएको हुन्छ । साथै सिकारुले आफैले गरेर सिक्ने वातवारण सिर्जना भएको हुन्छ । विद्यार्थी आफै व्यक्तिगत गरिरहेको हुन्छ र शिक्षण सिकाइको अवस्थामा आफूले आफैलाई लगाम लगाई रहेको हुन्छ । र आफूलाई आफै परिक्षण गरिरहेको हुन्छ ।

डंगोल (१९७६) का अनुसार प्राथमिक तहको सामाजिक विषयमा तालिम प्राप्त र अप्राप्त शिक्षकहरुद्वारा गरिने शिक्षण क्रियाकलाप, मूल्यांकन, शैक्षिक सामग्रीको प्रयोग, तुलनात्मक अध्ययनमा तालिम अप्राप्त भन्दा तालिम प्राप्त शिक्षकले प्रवचन विधि प्रभावकारी रुपमा सञ्चालन गरेको, नाटकीय ढंगबाट अध्ययन गरेका, शैक्षिक सामग्रीको प्रभावकारीपूर्ण तरिकाले प्रयोग गरेको र मूल्यांकन सम्बन्धीपरीक्षा प्रयोगात्मक, गृहकार्य,

अवलोकन, अन्तरवार्ता, आदिको प्रयोग र कक्षाकोठा प्रभावकारी किसिमले व्यवस्थापन गरेको निष्कर्ष निकालेका छन् ।

संजिव पौडेल (२०६७), शिक्षा योजना तथा व्यवस्थापन विभागले "तालिम प्राप्त र अप्राप्त शिक्षकहरुले कक्षाकोठाको व्यवहार" नामक शोधपत्र विद्यालय शिक्षामा तालिम प्राप्त र अप्राप्त शिक्षकहरुको कक्षाकोठा व्यवहारको लेखाजोखागर्ने,शिक्षकहरुको कक्षाकोठाको व्यवहारमा देखा परेका समस्याहरु पत्ता लगाउने र कक्षाकोठाको व्यवहारलाई प्रभावकारी बनाउने उपायहरु पेश गर्ने उद्देश्य राखिएको अध्ययनमा आफ्नो उद्देश्य पूराका लागि उद्देश्यात्मक नमुना छनोट विधि प्रयोग गरी व्याख्यात्मक एवम् विश्लेषणात्मक रुपले व्याख्या विश्लेषण गरिएको गुणात्मक प्रकृतिको रहेको छ । शिक्षकहरुको कक्षाकोठाको व्यवहारको अध्ययन गर्दा तालिम प्राप्त शिक्षकहरुले तालिम अप्राप्त शिक्षकहरुको तुलनामा प्रवचन र छलफल प्रयोग गरेर पूर्वपाठको समीक्षा गर्ने गरेको, गृहकार्य जाँच्ने सम्बन्धमा तालिम प्राप्त शिक्षकहरुले शिक्षण पछि फुर्सदको समयमा कपीहरु अफिसमा लगी जाँच्ने र फिर्ता गर्ने गरेका छन् । तालिम अप्राप्त शिक्षकले कक्षाकोठाशिक्षण समयमा नै कपी जाँच गरी फिर्ता गर्ने गरेका छन् । तालिम अप्राप्त शिक्षकले कक्षाकोठा शिक्षण समयमा नै कपी जाँच गरी फिर्ता गरेको, कालोपाटी र शैक्षिक सामग्रीको प्रयोग, प्रश्नोत्तर विधिको प्रयोग र पाठको अन्त्यमा गरिने क्रियाकलापहरुमा तालिम प्राप्त शिक्षकहरुले तालिम अप्राप्त शिक्षकहरुको तुलनामा व्याख्यान विधिको प्रयोग र प्रवचन गरेर विषयवस्तुलाई प्रष्ट्याउने गरेका तथा दुबै किसिमका शिक्षकहरुले खुल्ला प्रश्न बढी सोधी मल्यांकन गर्ने गरेको तर लिखीत मूल्यांकन नगर्ने गरेको तथ्य उल्लेख गरेका छन् ।

तालिम प्राप्त र अप्राप्त शिक्षक दुबै बिच चारैतिर घुमेर शिक्षण गर्ने, विश्वका घटनाहरुसँग सम्बन्धित गरेर शिक्षण गरेको, उदाहरण दिएर विषयवस्तु प्रष्ट्याउने, ठीक समयमा कक्षा सुरुवात गरेको, छलफल र व्याख्या विधिको प्रयोगमा समानता रहेको थियो । पाठयोजना बनाएर पूव तयारीका साथ कक्षा सञ्चालन, कालोपाटीमा गृहकार्य

लेखेको, कालोपाटीमा क्रियाकलाप गर्न लगाएको, खालीठाउँ भर्ने र ठिक छ ? छैन भनेर प्रश्न सोधेर मूल्यांकन गर्ने गरेको सम्बन्धमा तालिम प्राप्त शिक्षकले मात्र गरेका छन् ।

माथि उल्लेखि त विभिन्न समयमा गरेका अध्ययन अनुसन्धानले तालिमको प्रयोगले तालिम प्राप्त शिक्षकहरुको पेशागत दक्षमता अभिवृद्धि गरी प्रभावकारी शिक्षण गर्न सहयोग पुऱ्याउने कुरामा जोड दिएको पाइन्छ । तालिम प्राप्त शिक्षकले तालिम अप्राप्त शिक्षाकको तुलनामा शैक्षिक सामग्रीको प्रभावकारी पूर्ण तारिकाले प्रयोग गरेको, पाठको प्रस्तुतीकरण, शिक्षण विधि, तथ्यंक, प्रयोगात्मक, गृहकार्य, अवलोकन, पाठको अन्त्यय र कक्षाकोठाको व्यवस्थापन राम्रो र प्रभावकारी तरिकाले गरेको निष्कर्ष निकालेका छन् । के साँच्चै नै तालिम प्राप्त र अप्राप्त शिक्षकहरुले प्रयोग गर्ने कार्यनीतिहरु बिच भिन्नता रहेको छ ? तालिम प्राप्त शिक्षक बढी सकरात्मक रहेको अध्ययन अनुसन्धानले देखाएको र वास्तवमा त्यस्तो पाउन सकिन्छ वा सकिँदैन भनी निष्कर्ष पत्ता लगाउने यो अध्ययन गरिएको छ ।

## २.२ सैद्धान्तिक साहित्यको पुनरावलोकन

यस अध्ययनलाई सैद्धान्तिक आधार प्रदान गर्न शिक्षाविद फेडिरिक हरवर्ग (१९५०) को मोटिभेसन हाइजिन सिद्धान्त, मेरी पार्कर (१९५०) को मानव सम्बन्ध सिद्धान्त र एफ डवल टेलर (१९१११) को वैज्ञानिक व्यवस्थापनको सिद्धान्तलाई आधार मानिएको छ ।

फेडेरिक हरवर्गले सन् १९५० को अन्ततिर एउटा सिद्धान्तको विकास गरेका थिए । जसलाई "मोटिभेसन हाइजिन सिद्धान्त" को रुपमा चिनिन्छ । यस सिद्धान्तलाई फ्याक्ट टू फ्याक्ट सिद्धान्त पनि भनिन्छ । यस सिद्धान्त अनुसारका आरोग्य वा असन्तुष्ट तत्व वा सन्तुष्ट तत्वका रुपमा विकास गरेका छन् । आरोग्य वा असन्तुष्ट तत्व कामदारको कार्य वातावरणसँग सम्बन्धित छ। कार्यसँग सम्बन्धित सम्पूर्ण तत्व र कार्य वातावरणमा जति पनि देखा पर्दछन् ती सबै आरोग्य तत्व हुन् । यस्ता तत्वको अभावमा कर्मचारीहरु उत्प्रेरित हुन सक्दैनन् । आरोग्य तत्वहरु विद्यमान रहेसम्म कर्मचारिहरुमा असन्तुष्टि रही रहन्छ । उत्प्ररित तत्वको उपस्थितिमा कर्मचारीमा असन्तुष्टि रहन सक्दैन तर पनि राम्रो

काम गर्नेतर्फ उत्प्रेरित हुँदैन । साथै यसले कर्मचारीको कामप्रति विस्तार र विकास नगरे तापनि कर्मचारीमा संस्थागत घाटा पुऱ्याउने काम भने हुँदैन ।यसरी यी तत्वले मानिसलाई उत्प्रेरणा नदिए पनि असन्तुष्टि चाही दिन्छ । कम तलबलाई असन्तुष्टिको कारण बताउने कर्मचारीले बढी तलब सन्तुष्टिको स्रोत मानेको पाइएन । यसैले कर्मचारी सन्तुष्टि हुनु भनेको असन्तुष्टि नहुनुमात्र रहेछ भन्ने तथ्य यस सिद्धान्तले दिएको छ । सफा स्वच्छ अनि आरोग्यताको लागि आवश्यक हर रोग निदानका लागि होइन भन्ने तर्कलाई हर्जवर्गले अघि सारेका छने । यसै गरी उत्प्रेरणा तत्व वा सन्तुष्ट तत्व संगठनमा कर्मचारीहरुलाई कामप्रति प्रोत्साहन  पुऱ्याउने सम्पूर्ण तत्वहरु उत्प्रेरक तत्व अन्तर्गत पर्दछन् । यी तत्वहरु विद्यमान रहेको खण्डमा कर्मचरीमा आत्मा सन्तुष्टि प्राप्त हुन्छ र राम्रो कार्य गर्नेतर्फ प्रेरित हुन्छन् । यसर्थ यी तत्वलाई सन्तुष्टि तत्व मानिएको हो । उत्प्रेरणा तत्वको अभावमा आरोग्यको तत्व रहेतापनि अझराम्रो काम गर्ने कर्मचारीमा प्रोत्साहित हुँदैनन् तसर्थ कामदारलाई बढी भन्दा बढी प्रोत्साहन गर्न उत्प्रेरणा तत्वको आवश्यक पर्दछ । यसरी उपरोक्त सिद्धान्त अनुसार विद्यालयमा गरिने शिक्षण सिकाइ क्रियाकलापमा पनि शिक्षकहरु उत्प्रेरित हुनु जरुरी छ । शिक्षकहरु उत्प्रेरित भएमा शिक्षण सिकाइ रणनीतिहरुलाइ प्रभावकारी रुपमा प्रयोगमा ल्याउन सकिन्छ । त्यसैले यस अध्ययनलाई यस सिद्धान्तसँग जोडेर अध्ययन गरिएको छ ।

मेरी पार्करको जन्म सन् १९६८८ मा अमेरिकाकाको वोस्टन सहरमा भएको हो । उनीद्वारा सन् १९५० मा प्रतिपादित “क्रियटिभ एक्सपेरियन्स” नाम पुस्तकमा मानवीय सम्बन्धका विविध पक्षमा उल्लेख गरेकी छिन् । उनका अनुसार कुनै पनि संगठनमा कार्य गर्नेहरुका बिच राम्रो सम्बन्ध भएमा कार्य सम्पादन राम्रो, चाडो र स्तरीय हुने कुरा उल्लेख गरेकी छन् । संगठनको प्रभावकारिता व्यवस्थापक र कामदारको अन्तरक्रियामा भर पर्दछ । व्यक्ति पनि व्यवस्थापनको एक अंग भएकाले समूह सञ्चालन नेतृत्व, उत्प्रेरणा, सहभागिता, सञ्चार र व्यक्तित्व जस्ता मानवीय व्यवहारले व्यवस्थापनलाई सही दिशाबोध गर्दछ । संगठनको उत्पादन बढाउन व्यक्तिका भावना, चाहना बुझेर कामदार र प्रशासन बीचको मानवीय सम्बन्ध विकास गर्नु पर्दछ । मानवीय नाताको

सम्बन्ध स्थापना गरी मनोवैज्ञानिक ढाँचाबाट विभिन्न मनमुटाव, झगडा, कलुशित भावनाको समाप्ति गर्नुपर्दछ । जति धेरै राम्रोसँग संगठनमा समन्वय र सम्बन्ध स्थापना गर्न सक्यो त्यति नै राम्रो सम्बन्ध स्थापना भई कार्यमा स्तरीयता एवम् प्रभावकारिता हासिल हुन्छ । उनले प्रजातान्त्रिक सहभागितामूलक सिद्धान्तलाई जोड दिई सामूहिक भावनाबाट अत्याधिक सफलता हासिल गर्न सकिने उनको तर्क छ ।

उनको यस सिद्धान्तलाई शिक्षण सिकाई क्रियकलापमा पनि उपयोग गर्न सकिन्छ । कक्षाकोठामा शिक्षक र विद्यार्थी बिचको अन्तरक्रियालाई सुमधुर बनाई उनीहरुसँग राम्रो सम्बन्ध स्थापना गरी उनीहरुको भावना, चाहना बुझेर मनोवैज्ञानिक तरिकाबाट विभिन्न मनमुटाव, रिस, झगडा आदिको समाप्ती हुनुपर्दछ । कक्षाकोठामा सामुहिक भावनाको विकास  गरी विद्यार्थीहरुसँग जति राम्रो सम्बन्ध स्थापना गर्न सक्यो त्यति नै शिक्षण सिकाइ क्रियाकलापमा स्तरीयता एवम् प्रभावकारिता हासिल हुने र शिक्षण प्रक्रिया सहज, रोचक एवम् प्रभावकारी भई उद्देश्य प्राप्तिमा सहयोग गर्न भएकाले यस सिद्धान्तलाई यस शोधपत्रको सैद्धान्तिक आधार बनाइएको छ ।

शिक्षाविद् टेलर सन् १८५६ मा फ्रान्समा जन्मिएका हुन् । विसौं शताब्दितिर उत्पादकत्व बढाउने कार्य दक्ष कामदारको भएकोले कार्य दक्षता बढाएर उत्पादन बढाउने चुनौति थियो । जसको लागि टेलरले सन् १९९१ मा बैज्ञानिक व्यवस्थापनको सिद्धान्त प्रतिपादन गरी कामदारको कार्यदक्षता बढाएर उत्पादकत्व बढाउने सकिन्छ भन्ने निष्कर्ष निकालेका छन् । कार्य दक्षता बढाउनको लागि कामदारको काम गर्ने शैलीलाई परिवतर्न गर्नु पर्ने, कामदार आफैलाई काम छान्न अवसर दिने, कामदारलाई तालिम दिने व्यवस्थापक र कामदारबीच राम्रो सम्बन्ध र कार्यको बाँडफाँड गर्ने, वैज्ञानिक ढाँचाले ज्याला निर्धारण गर्ने र बढी काम गर्नेलाई बढी ज्याला दिन पर्ने विषय उल्लेख गरेका छन् । उनको यस सिद्धान्तलाई शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन र विद्यार्थी उपलब्धि स्तरलाई वृद्धि गर्नका लागि शिक्षकलाईदिनु पर्ने, तालिम प्राप्त शिक्षकहरुको छनोट गर्ने शिक्षकहरुलाई उचित किसिमको सेवा सुविधा दिनुपर्ने र दक्ष शिक्षकलाई अवसर दिएमा शिक्षण सिकाइ क्रियाकलाप प्रभवाकारी सहज र रोचक बन्ने भएकाले यो सिद्धान्य यस शोधपत्रको सैद्धान्तिक आधार बनाइएको छ ।

## २.३ अध्ययनको अवधारणात्मक ढाँचा

यस अध्ययनका लागि निम्न अनुसारको अवधारणात्मक ढाँचाको परिकल्पना गरिएको छ :



प्रस्तुत शोधपत्र तयारीका क्रममा उल्लेखित अवधारणा अनुसार गणित शिक्षकले कक्षाकोठामा प्रयोग गरेका कार्यानीतिहरुको अध्ययन गर्ने क्रममा शिक्षकहरुले विद्यार्थीलाई के कसरी सिकाइ प्रति उत्प्रेरणा प्रदान गरेका छन्? कक्षा नियन्त्रण कसरी भएको छ, विद्यार्थी सहभागिता कस्तो छ, ह्वाइट वोर्डको प्रयोग भएको छ कि छैन? शिक्षणका सामग्रीहरु प्रयोग हुन सकेका छन् कि छैनन्? शिक्षकले कक्षाकोठामा अध्यापन गर्दा पढाइको शैली के कस्तो रहेको छ ? भन्ने जस्ता कुराकोअध्यन गरी विद्यार्थीलाई दिइने पृष्ठपोषण, गृहकार्य जस्ता कुराको विश्लेषण गर्दै छनोटमा परेका शिक्षकहरुको तुलनात्मक अध्ययन गरी निकर्ष प्रस्तुत गरिएकोछ ।

## २.४ पुनरावलोकनको शैक्षिक उपादेयता

मा.वि.तहको गणितशिक्षणमा शिक्षकले प्रयोग गर्ने कार्यनीतिहरुको अध्ययन नामक शीर्षमा गरिएको प्रस्तुत शोधकार्यमा पनि यस शोधअध्ययनसँग सम्बन्धित रहेका सम्बन्धित साहित्यको अध्ययनले शिक्षकहरुले विद्यार्थीहरुलाई के कसरी अध्यापन गरेका छन् भन्ने बारेमा जानकारी पहिचान गर्नका लागि थप सहयोग गर्नुका साथै उद्देश्य अनुसार शोधकार्यलाई पूर्णता प्रदान गर्नमा सहयोग पुगेको छ । साथै आजभन्दा अगाडि गरिएका लेखरचनाको अध्ययनलेअध्ययनका लागि आवश्यक सैद्धान्तिक खाकाको चयन गर्न, उद्देश्य अनुसार व्याख्या विश्लेषण गर्न, आवश्यक तथ्यांक संकलन गर्न तथा आवश्यक तथ्यांकलाई व्यवस्थित तवरले प्रस्तुत गर्नका लागि समेत थप सहयोग पुगेको छ ।

# परिच्छेद : तीन

# अध्ययन विधि

कुनै पनि अध्ययन अनुसन्धानकार्यलाई सफल बनाउनका लागि अध्ययन विधिको भूमिका महत्वपूर्ण रहेको हुन्छ । सो कार्य पूरा गर्नका लागि विभिन्न तरिका र माध्यमहरु अपनाउनु आवश्यक रहन्छ । व्याख्यात्मक एवम् विश्लेषणात्मक रुपमा गरिने यो अनुसन्धान तथ्यंकमा आधारित र विचार विश्लेषणमा केन्द्रित रहेको छ । मुख्य रुपमा शिक्षकहरुको कक्षाकोठा व्यवहारमा यो अध्ययन केन्द्रित रहेको छ । यो अध्ययनले चितवन जिल्ला भरतपुर नगरक्षेत्र अन्तर्गतका सामुदायिक विद्यालयमा शिक्षकहरुले कक्षाकोठामा प्रयोग गर्ने कार्यनीतिको अध्ययन गर्ने कार्य गरेको छ । अध्ययनको क्रममा प्राप्त भएका तथ्यांकका आधारमा व्याख्या एवम् विश्लेषण समेत गरिएको छ ।

## ३.१ अनुसन्धानको ढाँचा

अध्ययन शीर्षकको प्रकृति अनुसार यो अध्ययन मूलतः गुणात्मक ढाँचामा आधारित रहेको छ । अध्ययनको उद्देश्य बमोजिम अनुसन्धानकर्ता स्वयं अध्ययन क्षेत्रमा प्रत्यक्ष रुपमा सहभागी भई प्राकृतिकअवस्थामा बहुवास्तविकताहरुको खोज गरिएको र शान्दिक रुपमा असाङ्खिक तथ्यांकहरुलाई तार्किक विधिद्वारा विश्लेषण गरी निष्कर्षमा पुग्ने एवम् तथ्यांक संकलनका साधनहरुबाट प्राप्त तथ्यलाई उत्तरदाताको अनुभव, विचार, धारणा र ज्ञानलाई प्रत्यक्ष वाक्यांशका रुपमा संकलन गरी अध्ययन गरिने अनुसन्धान गुणात्मक ढाँचा हो । यस अध्ययनमा पनि गुणात्मक विधीलाई केन्द्रमा राखेर अध्ययन अनुसन्धान गरिएको छ ।

## ३.२ जनसंख्या र नमुना छनोट विधि

कुनै पनि अध्ययन कार्यलाई तोकिएको उद्देश्य अनुसार पूर्णता प्राप्त गर्नका लागि अध्ययनको क्षेत्र चयन गरी सो क्षेत्रको जनसंख्या छनोट गर्नु आवश्यक रहन्छ । कक्षाकोठा शिक्षणमा शिक्षकले प्रयोग गर्ने कार्यनीतिहरुको अध्ययन नामक शीर्षकमा गरिएको प्रस्तुत

अध्ययनमा कार्यमा चितवन जिल्ला भरतपुर नगरक्षेत्र लंकूस्रोतकेन्द्र अन्तर्गतका ६ वटा सामुदायिक विद्यालय क्रमशः श्री चितवन उ.मा.वि, बालकुमारी उ.मा.वि, बालकुमारी कन्या उ.मा.वि, आदिकवि भानुभक्त उ.मा.वि, नारायणी नमुना उ.मा.वि, भरतपुर उ.मा.वि का जम्मा २१२ शिक्षकहरु मध्ये उद्देश्य पूर्ण नमुना छनोट विधिका आधारमा जम्मा ६ जना शिक्षक, र सम्बन्धित विद्यालयका प्र.अ.लाई पनि अध्ययन कार्यका लागि समावेश गरिएको छ ।

## ३.३ तथ्यांक संकलनका साधनहरु

अध्ययनको लागि सूचना संकलनको साधनको रुपमा खुल्ला प्रश्नावली, बन्द प्रश्नवाली, अन्तरवार्ता, कक्षा अवलोकन फारम प्रयोग गरिएको छ । प्रश्नवाली र कक्षा अवलोकन फारम समेत निर्माण गरिएको जसलाई निम्नानुसारका उपशीर्षकमा प्रस्तुत गरिएको छ :

### ३.३.१ बन्द प्रश्नवाली

शिक्षकहरुले कक्षाकोठामा प्रयोग गरेका शिक्षण सिकाई कार्यनीतिहरुको पहिचान गरी विश्लेषण गर्नुका साथै कार्यनीतिहरुलाई प्रभावकारी बनाउने उपायहरु पेश गर्नका लागि शिक्षक र प्र.अ.को लागि अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर अनुसूची १ र २ मा उल्लेखित प्रश्नावलीको आधारमा तथ्यांक संकलन गरिएको छ ।

### ३.३.२ कक्षा अवलोकन फारम

शिक्षकहरुले कक्षाकोठामा प्रयोग गरेका शिक्षण सिकाई कार्यनीतिहरुको पहिचान गरी विश्लेषण गर्न तथा अध्ययन कार्यलाई उद्देश्य अनुसार पूर्णरुप प्रदान गर्नका लागि अनुसूची ३ मा उल्लेखित अवलोकन फारमको प्रयोग गरी सोही अनुसार तथ्य संकलन गरिएको छ ।

### ३.४ तथ्याङ्कका स्रोतहरू

कुनै पनि विषय वा समस्याको वारेमा खोज अनुसन्धान गर्दा विभिन्न स्रोतहरूलाई आधार मानिएको हुन्छ । यसैगरी यस शोध अध्ययनको क्रममा पनि प्राथमिक तथा द्वितीय गरी तथ्याङ्कका दुईवटा स्रोतलाई अबलम्वन गरिएको छ ।

#### ३.४.१ प्राथमिक स्रोत

छलफल, कक्ष अवलोकन, अर्न्तवार्ता, प्रश्नावलीर स्थलगत अध्ययनहरूलाई तथ्याङ्क संकलन प्रक्रियाको प्राथमिक स्रोत अर्न्तगत लिइएको छ ।

#### ३.४.२ द्वितीय स्रोत

द्वितीय स्रोत अर्न्तगत विद्यालयको अभिलेख, विद्यालयले प्रकाशन गरेका विभिन्न किताबहरू, दस्तावेजबाट लिइएका तथ्याङ्कहरू समावेश गरिएको छ ।

### ३.५तथ्यांक संकलन प्रक्रिया

यस अध्ययनमा सूचना संकलनका लागि क्याम्पसबाट सिफरिस पत्र लिई नमुना छनोटमा परेका विद्यालयमा गई विद्यालयका प्र.अ.लाई भेटी आफ्नो अध्ययनको उद्देश्य प्रष्ट पारेर अध्ययन गर्ने अनुमति र सहयोग लिइएको छ । अध्ययन कार्यको लागि अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर तथ्यांक संकलन गर्नका लागि तयार गरिएको अवलोकन फारम तथा अनुसूचीमा उल्लेखित प्रश्नावलीका आधारमा तथ्यांक संकलन गरिएको छ । जसका लागि छनोटमा परेका विद्यालयहरुका प्र.अ. तथा शिक्षकहरुलाई सम्पर्क गरी शिक्षक र प्र.अ.सँग अन्तरवार्ता प्रश्नावली भर्नुका साथै शिक्षकको कक्षाकोठा अवलोकन गरी कक्षा अवलोकन फरम समेत भरी तथ्य संकलन गरिएको छ ।

### ३.६ तथ्यांकको विश्लेषण प्रक्रिया

विभिन्न स्रोतबाट प्राप्त तथ्याङ्कहरूलाई सही रूपले बुझ्नको लागि यसको विश्लेषण गरिनु आवश्यक हुन्छ । प्राप्त तथ्याङ्कहरूमध्ये कतिपय अस्पष्ट, अव्यवहारिक, र अनावश्यक पनि हुन सक्दछ जसलाई प्रसोधन तथा परिमार्जित गरेर स्पष्ट, अर्थपूर्ण र व्यवहारिक बनाउनुपर्दछ । कुन उद्देश्य प्राप्तिका लागि अध्ययन गरिएको छ, अध्ययनको प्राप्ति कस्तो रह्यो, प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त नतिजाबाट सहीरूपमा  आउन सके वा सकेनन् भन्ने कुराको विश्लेषणात्मक अध्ययन गरिएको छ । तथ्याङ्कलाई गुणात्मक पक्षबाट विश्लेषण गरी उद्देश्यउन्मुख बनाउने अभिप्रायले विद्यालय, समुदाय, आदिबाट संकलन गरिएका तथ्यहरूलाई स्पष्टसँग विश्लेषण र व्याख्या गर्न सजिलो बनाउनका लागि प्राप्त तथ्यलाई तालिकीकरण समेत गरेर व्याख्या विश्लेषण र प्रस्तुतीकरण गरिएको छ ।

# परिच्छेद चार

# तथ्यांकको व्याख्या र प्रस्तुतीकरण

सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुले कक्षाकोठामा प्रयोग गरेका कार्यनीतिहरुको पहिचान गर्ने र कक्षाकोठामा शिक्षण सिकाइ कार्यनीतिलाई प्रभावकारी बनाउने उपायहरु पत्तालगाउने जस्ता उद्देश्यले चितवन जिल्ला भरतपुर उप महानगरपालिका लंकूस्रोतकेन्द्र अन्तर्गत पर्ने ६ वटा सामुदायिक विद्यालयलाई सम्भावनारहित नमुना छनोट विधिका आधारमा छनोट गरी तविद्यालयमा अध्यापन गराउने जम्मा २१२ शिक्षकबाट उद्देश्यमूलक नमुना छनोट विधिका आधारमा ६ जना शिक्षक तथा त्यहाँका प्र.अ.लाई अध्ययन कार्यको जनसंख्याका रुपमा लिएर अध्ययन अनुसन्धान गरिएको छ । अध्ययनका तथ्यांक संकलनका प्राथमिक तथा द्वितीय स्रोतलाई आधार मानेर अनुसन्धानकर्ता अध्ययन स्थलमा प्रत्यक्ष उपस्थिति भई उत्तरदाताहरुसँग अनुसूचीमा उल्लेखित प्रश्नावलीहरुका आधारमा प्रश्नावली भराउनुका साथै छलफल तथा अन्तरक्रिया गर्नुका साथै अन्य द्वितीय स्रोतलाई समेत आधार बनाएर तथ्य संकलन गरिएको थियो । जसबाट प्राप्त तथ्यहरुलाई उद्देश्यअनुसार निम्नानुसारका उपशीर्षकमा विश्लेषण तथा प्रस्तुतीकरण गरिएको छ :

## ४.१ शिक्षकहरुले कक्षाकोठामा प्रयोग गरेका शिक्षण सिकाइ कार्यनीतिहरुको पहिचान

प्रस्तुत अध्ययनमा शिक्षकहरुले कक्षाकोठामा प्रयोग गरेका शिक्षण सिकाइ कार्यनीतिहरुको अध्ययनमा शिक्षक तथा विद्यालयका प्र.अ.हरुका लागि अनुसूचीमा उल्लेखित प्रश्नावलीका आधारमा प्रश्न सोधी तथ्य प्राप्त गर्नुका साथै अवलोकन फारमको समेत प्रयोग गरेर तथ्य प्राप्त गरिएको थियो । अध्ययनकै क्रममा छनोटमा परेका विद्यालयहरुमा शिक्षकहरुले कक्षाकोठामा प्रयोग गरेका शिक्षण सिकाइ कार्यनीतिको अवस्थाका बारेमा अध्ययन अनुसन्धान कार्य गर्दा निम्नानुसार तथ्य प्राप्त भएको थियो ।

### शिक्षकहरुले प्रयोग गर्ने गरेका कार्यनीतिहरु

छनोटमा परेको अध्ययनस्थलबाट प्राप्त जानकारी अनुसार तह, पाठ र विषयवस्तु अनुसार शिक्षण सिकाइ कार्यनीतिहरु फरक फरक हुने गरेको भएतापनि सामान्यतः

कक्षाकोठामा सबै शिक्षकहरुले व्यक्तिगत रुपमा प्रयोग गर्ने गरेका कार्यनीतिहरुलाई अध्ययन गर्दा निम्नानुसार उत्तर प्राप्त भएको थियो :

छनोटमा परेका विद्यालयहरुमा बालबालिकाहरुलाई अध्यापन गराउँदा कक्षाको आरम्भ के कसरी गर्नुहुन्छ भनी गरिएको छलफल तथा अन्तरक्रिया अनुसार कक्षा आरम्भ गराउँदा कक्षा प्रवेश पछि प्रश्न सोधेर विद्यार्थीलाई आफूप्रति आकर्षिक गर्ने गरेको, विद्यार्थीलाई बढी भन्दा बढी उत्प्रेरणा जगाएर मात्र कक्षा शुरु गर्ने गरेको, कक्षा नियन्त्रणमा पुरस्कार र दण्ड दुवैको प्रयोग गर्ने गरेको, पूर्व पाठको पुनरावलोकन पश्चात नयाँ पाठ शुरु गर्ने गरेको भन्ने जस्ता उत्तर प्राप्त भएको भए पनि सबै शिक्षकबाट यो हुन सकेको छैन भन्ने जस्ता उत्तर समेत छनोटमा परेका शिक्षक तथा प्र.अ. बाट जानकारी प्राप्त भएको थियो । जसमध्येमाविद्यालयका केही  शिक्षकहरुले कक्षा आरम्भ गराउँदा कक्षा प्रवेश पश्चात मार्कर बोर्डमा पाठ र पेज लेखी कक्षा सुरु गर्ने गरेको, विद्यार्थी उत्प्रेरणाका लागि बालगीत र प्रश्नहरुको प्रयोग गरेको, कक्षा नियन्त्रणमा दण्डको बढी प्रयोग गर्ने गरेको, शिक्षण क्रियाकलापमा विद्यार्थीहरु कम सहभागी गरेको तथा पूर्वपाठको पुनरावलोकन गरी कक्षा सुरु गर्ने भन्ने जस्ता उत्तर समेत अध्ययनका क्रममा शिक्षक तथा प्र.अ.सँग गरिएको छलफल अन्तरक्रिया अनुसार जानकारी प्राप्त भएको थियो ।

यसरी नै विद्यालयमा शिक्षकहरुले गर्ने कार्यकलाप के कस्तो रहेको भन्ने बारेमा गरिएको अध्ययन अनुसन्धान अनुसार धेरैजसो शिक्षकहरुले कक्षा कार्यकलाप गर्दा निम्नानुसारका कार्यनीतिलाई अवलम्बन गर्दै आएको पाइयो :

क) छलफल विधि

ख) प्रश्नोत्तर विधि

ग) समस्या समाधान विधि

घ) अवलोकन विधि

ङ) खेल विधि

यसरी छनोटमा परेका विद्यालयका धेरैजसो शिक्षकले ती विधिलाई अवलम्बन गरेको भए पनि बाँकि  शिक्षकले भने आफू बढी सक्रिय रहेर पनि विद्यार्थीलाई बढी मात्रामा सक्रिय

गराउन नसकेको, कक्षाको बिच विचमा प्रश्नहरु सोधिएको, प्रश्नहरुजान्नेविद्यार्थीलाई बढी मात्रामा सोधिएको थियो। कक्षा शिक्षणमा शिक्षक चारैतिर घुमेर शिक्षण गर्ने गरेको र गृहकार्य जाँच गर्दा कक्षाकोठामा नै जाँच गर्ने गरेको भन्ने जस्ता उत्तरहरु प्राप्त भएको थियो ।

त्यसैगरी शिक्षण सामग्रीको प्रयोग के कसरी गर्ने गर्नुभएको छ भन्ने बारेमा गरिएको छलफल तथा अन्तरक्रिया अनुसार विषय, तह, पाठ र विषयवस्तु अनुसार शिक्षण सामग्रीहरु विभिन्न हुने भएतापनि आफूहरुले विषयवस्तुसँग मेल खाने खालको शिक्षण सामग्रीहरु प्रयोग गर्ने गरेको भन्ने जस्ता तथ्यहरु शिक्षक एवम् प्र.अ.सँगको अन्तरवार्ताबाट जानकारी प्राप्त भएको थियो । शिक्षकहरुले वास्तविक रुपमा प्रयोगमा ल्याउने गरेका शिक्षण सामग्रीहरु के के छन् भन्ने कुरामा गरिएको अन्तरक्रिया अनुसार ठोस, अर्धठोस र संकेत गरी तीन प्रकारका सामग्रीहरु प्रयोगमा ल्याउने गरेको तथ्य अनुसन्धानका क्रममा प्राप्त भएको थियो जसमा दैनिक प्रयोगका सामग्रीहरु, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, मार्कर, बोर्ड, शब्दपत्ती, चित्रहरु, नक्सा, ग्लोव चार्ट, पोष्टर, जियो बोर्ड, वेसटेन ब्लक, ज्यामीतीय आकार र स्थानीय सामग्रीहरु प्रयोग गरेर अध्यापन गर्ने गरेको पाइएको भए पनि सबैजसो शिक्षकले यी सामग्रीको प्रयोग गर्न नसकेको भन्ने उत्तर समेत अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।

शिक्षकहरुले प्रयोग गर्ने कार्यनीति अध्ययनकै क्रममा कक्षाकोठाको समापन के कसरी गर्ने गर्नु भएको छ भन्ने बारेमा अध्ययनका लागि छनोटमा परेका शिक्षकहरुसँग गरिएको छलफल तथा अन्तरक्रिया अनुसार पाठको अन्त्यमा विद्यार्थीलाई प्रश्न सोधी पाठको पुनरावलोकन गर्ने गरेको पाइयो, पाठको अन्त्यमा मौखिक प्रश्न सोधेर विद्यार्थीको मूल्यांकन गर्ने परिपाटी रहेको तथ्य समेत अध्ययनका क्रममा प्र.अ.सँगको छलफल एवम् अन्तरक्रियाबाट जानकारी प्राप्त भएको थियो भने विद्यार्थीहरुलाई कक्षाको अन्त्यमा गृहकार्य दिई कक्षा समापन गर्ने गरेको तथ्य समेत अनुसन्धानका क्रममा जानकारी प्राप्त भएको थियो ।

छनोटमा परेका विद्यालयमा शिक्षकहरुले कस्तो कार्यनीति प्रयोग गर्दै आएका छन् भन्ने बारेमा जानकारी पहिचान गरि सकेपछि कक्षाकोठामा शिक्षण सिकाइ कार्य गर्दा प्रयोग गरेका कार्यनीतिहरु विद्यार्थी उत्प्रेरणा, कक्षा नियन्त्रण, विद्यार्थी सहभागिता, चकबोर्डको प्रयोग, पाठको प्रस्तुतीकरण, शिक्षण सामग्री, प्रश्न सोधाई, विद्यार्थी प्रतिक्रिया, शिक्षकहरुको हाउभाउ, उदाहरणको प्रस्तुती, शिक्षकको गतिशीलता, पृष्ठपोषण, गृहकार्य, शिक्षकको दार्शनिक प्रभाव प्र.अ.को लागि प्रश्नावली अनुसूची १, शिक्षकका लागि प्रश्नावली अनुसूची २ र अवलोकन फारम अनुसूची ३ को प्रयोग गरी व्याख्या एवम् विश्लेषण गरिएको थियो जसलाई निम्नानुसारको उपशीर्षकमा थप व्याख्या एवम् विश्लेषण गरिएको छ :

### क) कक्षा अवलोकन

शिक्षण कार्यलाई प्रभावकारी बनाउनका लागि कुनै पनि शिक्षकले आफ्नो बुद्धि र विवेकको प्रयोग गरी विद्यार्थीको रुचि, चाहना र स्तरलाई ध्यानमा राखेर शिक्षण कार्य सञ्चालन गर्नु आवश्यक रहन्छ । शिक्षक कक्षाकोठमा प्रवेश गरे पछि कक्षाकोठाको व्यवस्थापन पश्चात मात्र शिक्षण सिकाइ क्रियाकलापलाई अघि बढाउनु आवश्यक रहन्छ । त्यसैले कक्षा व्यवस्थापन कसरी गर्ने भन्ने सन्दर्भमासमेत शिक्षकले जानकारी प्राप्त गरी सोही अनुसार व्यवस्थापन हुनु आवश्यक रहन्छ । यस अध्ययनका लागि छनोटमा परेका भरतपुर नगरक्षेत्र लंकू स्रोतकेन्द्र अन्तर्गतका सामुदायिक विद्यालयमा शिक्षकहरुले कक्षा आरम्भ के कसरी गरेका छन् भनी गरिएको अध्ययनमा कक्षा अवलोकन, प्र.अ. प्रश्नवाली, शिक्षकका लागि प्रश्नावलीबाट प्राप्त उपलब्धी अनुसार प्राप्त तथ्यलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

शिक्षकले कक्षा आरम्भ गर्दा शिक्षकले गरेका रणनीतिहरुको अध्ययनमा पहिलो दिनको अवलोकनमा ६६.६६ प्रतिशत शिक्षकले विद्यार्थीलाई उत्प्रेरित गरी शिक्षण क्रियाकलाप सुरु गरेको पाइयो भने ३३.३३ प्रतिशत शिक्षकले विद्यार्थीलाई उत्प्रेरित नगरिकन कक्षा आरम्भ गर्दै आएको पाइयो । दोस्रो दिनको कक्षा अवलोकनमा १०० प्रतिशतशिक्षकले

विद्यार्थी उत्प्रेरणा गर्दै आएको पाइयो । तेस्रो दिनको कक्षा अवलोकनमा ६६.६६ प्रतिशत शिक्षकले विद्यार्थी उत्प्रेरणा गर्दै आएको पाइयो भने ३३.३३ प्रतिशत शिक्षकले विद्यार्थी उत्प्रेरणा नगरिकन कक्षा आरम्भ गरेको पाइयो । यसरी ३ पटकको कक्षा अवलोकनमा दुई पटक सम्मको तथ्यांकबाट प्राप्त जानकारी अनुसार शिक्षकले कक्षाकोठामा गरेको कार्यनीतिलाई अवलोकन गर्दा विद्यार्थीलाई उत्प्रेरणा गरी कक्षा आरम्भ गर्ने कार्यनीति विश्वासनीय रहेको पाइन्छ ।

शिक्षकले कक्षा आरम्भ गर्दाकक्षा नियन्त्रण गरे नगरेको  कक्षा अवलोकनद्वारा अध्ययन गर्दा पहिलो दिनको अवलोकनमा सबै शिक्षकले कक्षा नियन्त्रण गरी शिक्षण कार्य आरम्भ गरेको पाइयो । दोस्रो दिनको कक्षा अवलोकनमा पनि सबै शिक्षकले कक्षा नियन्त्रण गरी कक्षा आरम्भ गरेको पाइयो । त्यसैगरी तेस्रो दिनको कक्षा अवलोकनमा ६६.६६ प्रतिशत शिक्षकले कक्षा नियन्त्रण गरेको र बाँकि ३३.३३ प्रतिशतले कक्षा नियन्त्रण नगरी कक्षा आरम्भ गरेको तथ्य प्राप्त भएको छ । यसरी शिक्षकहरुले गर्ने गरेको कार्यनीतिमा खासै उतार चढाव नआएको र तिनै पटकको कार्यनीतिलाई अवलोकन गर्दा बराबरजस्तै भएको कारणले गर्दा उनीहरुको  कक्षा नियन्त्रण कार्यनीतिलाई विश्वासनीय रहेको मान्न सकिन्छ ।

विद्यार्थी सहभागी गराई कक्षा आरम्भ के कसरी भएको छ भन्ने बारेमा अध्ययन गर्दा ६६.६६ प्रतिशत शिक्षकले विद्यार्थी सहभागिता गराएको र ३३.३३ प्रतिशत शिक्षकले नगराएको पाइयो । दोस्रो दिनको कक्षा अवलोकनमा ६६.६६ प्रतिशत शिक्षकले विद्यार्थी सहभागी गराएको र ३३.३३ प्रतिशतले नगराएको पाइयो । तेस्रो दिनको कक्षा अवलोकनमा सबै शिक्षकले विद्यार्थी सहभागी गरेको पाइयो ।

शिक्षकहरुले कक्षा आरम्भ गर्दा पूर्वपाठको पुनरावलोकन गरेको वा नगरेको भन्ने कुरालाई आधार मानेर गरिएको कक्षा अवलोकन अनुसार पहिलो दिनको अवलोकनमा ३३.३३ प्रतिशत शिक्षकले पूर्वपाठको पुनरावलोकन गरेको ६६.६६ प्रतिशत शिक्षकले नगरेको पाइयो । दोस्रो दिनको अवलोकनमा ३३.३३ प्रतिशत शिक्षकले पूर्वपाठको पुनरावलोकन गरेको र ६६.६६ प्रतिशतले नगरेको पाइयो भने तेस्रो दिनको कक्षा अवलोकनमा ३३.३३

प्रतिशतले पूर्वपाठको पुनरावलोकनन र ६६.६६ प्रतिशतले नगरेको तथ्य प्राप्त भएको थियो । तसर्थ शिक्षकको कक्षा अवलोकनमा तीनपटक सम्म कुनै पनि उतार चढाव नआएको हुँदा यो कार्यनीति चयनमा बढी विश्वासनीय रहेको देखिन्छ ।

शिक्षकका लागि प्रश्नावलीका आधारमा अध्ययन गर्दा शिक्षकहरुले कक्षा आरम्भ गर्दा विद्यार्थी उत्प्रेरणा पूर्ण रुपमा गरेको, कक्षा नियन्त्रणमा पुरस्कार र अन्य आधारको प्रयोग गरेको, शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीलाई उच्च रुपमा सहभागी गराई कक्षा आरम्भ गर्ने गरेको र पूर्वपाठको पुनरावलोकन पश्चात मात्र नयाँ पाठको आरम्भ गर्ने गरेको

बताए । प्र.अ.को भनाइ अनुसार शिक्षकहरु आ आफ्नो कर्तव्यप्रति सजग रहेर कार्यकलाप गर्दै आएको पाइयो । शिक्षकहरुको कक्षा आरम्भको अवस्थालाई हेर्दा प्रभावकारी तवरको रहेको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो । कक्षा आरम्भमा विद्यार्थी उत्प्रेरणामा शिक्षकहरुले बालगीत, प्रश्नसोध्ने तथा अन्य क्रियाकलाप गर्ने गरेको पाइयो । कक्षा नियन्त्रणमा धेरैजसो शिक्षकको कक्षा प्रभावकारी रहेको भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो । साथै विद्यार्थी सहभागिता र पूर्वपाठको समीक्षा गरी कक्षा आरम्भ गर्नेमा पनि सबै शिक्षकले प्रभावकारी ढंगले कार्यनीतिको प्रयोग गर्न नसकेको भन्नेजस्ता उत्तरहरु अध्ययनका लागी छनोटमा परेका प्र.अ. तथा शिक्षकहरुसँगको छलफल तथा अन्तरक्रियाबाट जानकारी प्राप्त भएको छ ।

यसरी विश्लेषण गर्दा प्र.अ.को भनाइ अनुसार शिक्षकहरुको कक्षा आरम्भ गर्ने कार्यनीति प्रभावकारी भए पनि सबै शिक्षकले प्रभवकारी ढंगले सो कार्यनीतिलाई अवलम्बन गर्न नसकेको भन्ने जस्ता उत्तरहरु प्राप्त भएको थियो । विद्यालयमा तालिम प्राप्त र अप्राप्त दुवैखालका शिक्षकहरु हुनु र तालिम लिएका शिक्षकले उचित कार्यनीतिहरुको प्रयोग गर्न सक्नु तर तालिम पाउन नसकेका शिक्षकले उचित तवरले कार्यनीतिको प्रयोग गर्न नसक्दा पनि कक्षाकोठामा प्रयोग गर्ने कार्यनीतिहरु प्रभावकारी हुन नसकेको भन्नेजस्ता उत्तरहरु प्र.अ.सँग गरिएको अन्तरवार्ताबाट जानकारी प्राप्त भएको छ । शिक्षकहरुले

आफूले सिकेका कुराहरुलाई पूर्णरुपमा कार्यान्वयन गर्न नसकेकै कारणले पनि कार्यनीतिलाई प्रभावकारी ढंगबाट प्रयोग गर्न सकिरहेका छैनन् भन्ने जस्ता उत्तर समेत अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो ।

**ख) कक्षा क्रियाकलाप**

शिक्षण सिकाइ क्रियाकलापलाई सहज र सरल बनाउन, विद्यार्थीको मस्तिष्कमा चाहेजस्तो व्यवहारिक परिवर्तन ल्याउन, व्यवहारिक ज्ञानको विकास गराउनका लागि शिक्षक विद्यार्थी मैत्रीपूर्ण वातावरणको सृजना हुनु आवश्यक रहन्छ । यसरी विद्यार्थीमैत्रीपूर्ण कक्षा व्यवस्थापनका लागि शिक्षकहरुलाई समय समयमा शैक्षिक जनशक्ति तालिम केन्द्रले समेत तालिमको व्यवस्था गर्दै आएको पाइन्छ । जसले गर्दा प्रभावकारी शिक्षण सिकाइमा थप सहयोग पुग्ने देखिन्छ ।

शिक्षकहरुको कक्षाकोठामा गर्ने क्रियाकलापको अध्ययनमा कक्षा अवलोकननबाट प्राप्त पहिलो अवलोकनमा ६६.६६ प्रतिशत शिक्षकहरुले शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीहरुलाई सक्रिय बनाएर शिक्षण गर्दै आएको पाइयो । दोस्रो दिनको अवलोकनमा ६६.६६ प्रतिशत शिक्षकहरुले विद्यार्थीलाई सक्रिय बनाएर शिक्षण गरेको पाइयो भने तेस्रो दिनको कक्षा अवलोकनमा सबै शिक्षकले विद्यार्थीलाई सक्रिय बनएर शिक्षण कार्यकलाप गर्दै आएको पाइयो । यसरी तीन पटकको कक्षा अवलोकनको तथ्यांकलाई हेर्दा तथ्यांकमा धेरै उतार चढाव नदेखिएको हुँदा उक्त तथ्यांक विश्वासनीयता रहेको पाउन सकिन्छ ।

यसैगरी ६६.६६ प्रतिशत शिक्षकहरुले समस्या समाधान विधिको प्रयोग गरेको पाइयो । दोस्रो दिनको कक्षा अवलोकननमा ६६.६६ प्रतिशत शिक्षकहरुले नै समस्या समाधान विधिको प्रयोग गरेको पाइयो भने तेस्रो दिनको कक्षा अवलोकनमा ६६.६६ प्रतिशत शिक्षकले नै समस्या समाधान विधिको प्रयोग गरेको पाइयो । त्यसैगरी पहिलो दिनको अवलोकनमा ३३.३३ प्रतिशत शिक्षकले प्रवचन विधिको प्रयोग गरेको र दोस्रो दिनको कक्षा अवलोकनमा ६६.६६ प्रतिशत शिक्षकले कक्षा छलफल गरेर अध्यापन गरेको पाइयो भने तेस्रो दिनको कक्षा अवलोकननमा पनि ६६.६६ नै रहेको पाइयो । यसरी ३ पटकको

कक्षा अवलोकनको तथ्यांकलाई विश्लेषण गर्दा तथ्यांक धेरै अन्तर नरहेको हुँदा उक्त तथ्यांक विश्वासनीय नै रहेको पाउन सकिन्छ ।

शिक्षकहरुले गरेको कक्षा क्रियाकलापका बारेमा अवलोकन गर्ने क्रममा दैनिक प्रयोगमा आउने गरेका शैक्षिक सामग्री चक, बोर्ड वा मार्कर बोर्डको प्रयोग सबै शिक्षकहरुले गरेको पाइयो । विषयवस्तुसँग सम्बन्धित अरु थप सामग्रीको प्रयोगमा पहिलो अवलोकननमा ३३.३३ प्रतिशत र शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गरेको पाइयो । दोस्रो दिनको अवलोकनमा ६६.६६ प्रतिशत शिक्षकले शैक्षिक सामग्रीको प्रयोग गरेको पाइयो । तेस्रो पटकको अवलोकनमा पनि ६६.६६ प्रतिशत शिक्षकले शैक्षिक सामग्रीको प्रयोग गरेको पाइयो । कक्षा क्रियाकलाप गर्दा विषयवस्तुलाई स्पष्ट पार्नका लागि विषयवस्तु अनुसारको उपयुक्त उदाहरण दिएर विद्यार्थीलाई सरल ढंगले बुझाउने शैलीको अध्ययनमा पहिलो अवलोकननमा ६६.६६ प्रतिशत शिक्षकले विषयवस्तुलाई उपयुक्त उदाहरणको प्रयोग गरेर प्रष्ट पार्ने गरेको पाइयो । दोस्रो दिनको अवलोकननमा पनि ६६.६६ प्रतिशत शिक्षकले उपयुक्त उदाहरणको प्रयोग गरीशिक्षण गरेको पाइयो । तेस्रो दिनको अवलोकनमा पनि ६६.६६ प्रतिशत शिक्षकहरुले नै उपयुक्त उदाहरणको प्रयोग गरीशिक्षण क्रियाकलाप गरेको पाइयो । शिक्षकहरुको तीन पटकको कक्षा अवलोकन तथ्यांक स्थिर रहेकोले यो तथ्यांक विश्वसनीय रहेको देखिन्छ ।

कक्षा क्रियाकलापमा विद्यार्थीलाई सक्रिय बनाउन र विषयवस्तुलाई स्पष्ट गर्नका लागि विद्यार्थीलाई बिच बिचमा प्रश्न सोध्ने कार्य ज्यादै महत्वपूर्ण हुन जान्छ । यसरी सोधिएका प्रश्नका आधारमा बालबालिकाहरुले के कति ज्ञान हासिल गर्न सफल रहे भन्ने बारेमा मूल्यांकन गर्नका लागि समेत सहज हुने देखिन्छ । साथै विद्यार्थीलाई सक्रिय बनाउन उनीहरुले शिक्षकलाई प्रश्न सोध्ने वातावरणको सिर्जनागर्नमा पनि शिक्षकको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यी कार्य के कसरी सञ्चालन भएका छन् भन्ने अध्ययनमा पहिलो दिनको अवलोकननमा कक्षा अवलोकन गर्दा ६६.६६ प्रतिशत शिक्षकले विद्यार्थीलाई सक्रिय बनाई प्रश्न सोधी तथा सोध्ने मौका प्रदान गरी शिक्षण गरेको पाइयो । त्यसैगरी दोस्रो दिनको अवलोकननमा पनि ६६.६६ प्रतिशत शिक्षकहरुले प्रश्न सोधी शिक्षण गरेको

भेटियो भने तेस्रो दिनको कक्षा  अवलोकनमा सबै शिक्षकले विद्यार्थीलाई सक्रिय बनाउनका लागि बिच बिचमा आफूहरुले प्रश्न सोध्ने साथै विद्यार्थीलाई पनि प्रश्न सोध्ने मौका दिई शिक्षण सिकाई क्रियाकलाप गरेको पाइयो । तसर्थ तथ्यांकमा उतार चढाव नभएको हुँदा तथ्यांक विश्वासनीय रहेको पाइन्छ । शिक्षण सिकाइ क्रियाकलाप गर्दा शिक्षण गर्ने पाठको उद्देश्य के हो ? त्यसको पूर्व ज्ञान हुनु आवश्यक रहन्छ । उद्देश्यको किटान गरी सोही उद्देश्य अनुसार शिक्षण कार्य हुन सकेको खण्डमा प्रभावकारी र उद्देश्यपूर्ण हुन सक्दछ । यसरी शिक्षण सिकाइ क्रियाकलाप उद्देश्य अनुरुप भएको छ कि छैन  भनी अध्ययन गर्दा पहिलो दिनको कक्षा अवलोकनमा सबै शिक्षकहरुले उद्देश्य अनुरुप शिक्षण सिकाइ क्रियाकलाप गरेको पाइयो भने दोस्रो दिनको अवलोकनमा पनि सबै शिक्षकले उद्देश्य अनुरुप शिक्षण गरेको पाइयो भने तेस्रो दिनमा पनि सबै शिक्षकहरुले उद्देश्य अनुसार शिक्षण गरेको पाइनुले उक्त तथ्यांकमा उतार चडाव नभएको हुनाले पूर्णरुपमा विश्वासनीय भएको विश्वास गर्न सकिन्छ ।

यसै क्रममा शिक्षकहरुसँग गरिएको प्रश्नवाली अनुसार शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीहरुलाई  सहभागी गराउने काम ७५ प्रतिशत भन्दा बढी शिक्षकहरुले गर्दै आएको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो । शिक्षण विधिको छनोटमा विद्यार्थी केन्द्रित विधिको प्रयोग गरेको पाइयो । शिक्षण सिकाइ किक्रयाकलापमा शिक्षक कक्षा कोठामा आवश्यकता अनुसार अगाडि, पछाडी अथवा चारै तिर घुमेर गर्ने गरेको पाइयो । पाठको बिच बिचमा सामुहिक रुपमा मूल्यांकन गर्ने गरेको, प्रश्न सोध्दा  कमजोर विद्यार्थीलाई बढी सोध्ने गरेको, शिक्षण कार्यमा स्थानीय सामग्रीको बढी प्रयोग गरेको, समूह छलफल  विधिद्वारा शिक्षण गरेता पनि विषयवस्तुको प्रकृति र विषय अनुसार व्याख्यान विधि, समस्या समाधान विधिको प्रयोग गरेको बताए ।

यसैगरी कक्षा क्रियाकलापका सम्बन्धमा प्र.अ.सँग गरिएको अन्तरवार्तामा शिक्षक केन्द्रित विधिको प्रयोग बढी मात्रामा गर्ने गरेको साथै समय समयमा समस्या समाधान विधि, खोज विधिको समेत प्रयोग गर्ने गरेको पाइयो भने७५ प्रतिशत भन्दा बढी शिक्षकले हाउभाउ तथा प्रभावकारी ढंगबाट शिक्षण गरेको भए पनि बाँकी २५ प्रतिशत शिक्षकमा

भने हाउभाउको प्रयोग प्रभावकारी हुन नसकेको भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो ।

यसै गरी शिक्षण सामग्रीको कम उपलब्धता, विद्यार्थी संख्या अधिक, पिरियडभार बढी जस्ता कारणले गर्दा शिक्षकहरुले आफूहरुमा दक्षता भएर पनि पूर्णरुपमा त्यसलाई कार्यान्वयन गर्न नसकेको तथ्य अध्ययनका क्रममा प्राप्त भएको थियो ।

**ग) कक्षा समापन**

शिक्षकले कक्षा शिक्षणको अन्त्यमा विभिन्न क्रियाकलापको प्रयोग गरेर कक्षा समापन गरेका हुन्छन् । ती क्रियाकलापहरु तालिमको अभावले अपूर्ण हुने हुनाले शिक्षकलाई तालिमको माध्यमबाट विद्यार्थीको मूल्यांकन गरी शिक्षण सिकाई प्रभावकारी भयो या भएन त्यस सम्बन्धी जानकारी प्राप्त गरी सफल शिक्षण गर्न मद्दत पुऱ्याउँछ ।

शिक्षकहरुको कक्षा समापनको कक्षा अवलोकनबाट अध्ययन गर्दा पाठको अन्त्यमा गरिने क्रियाकलापमा सबै शिक्षकहरुले प्रश्न गरेर पाठको पुनरावलोकन गरेको पाइयो । दोस्रो दिनको अवलोकनमा पनि सबै शिक्षकहरुले प्रश्न सोधेर पाठको पुनरावलोकन गरेको पाइयो भने तेस्रो दिनमा सबै शिक्षकहरुले प्रश्न सोधेर पाठको पुनरावलोकन गरेको पाइयो । बालबालिकाको मूल्यांकनमा कुनै पनि शिक्षकहरुले लिखित मूल्यांकन गरेको तथ्य भने अवलोकनका क्रममा प्राप्त भएको थिएन । छनोटमा परेका विद्यालयहरुमा ६६.६६ प्रतिशत शिक्षकलेमात्र विद्यार्थीलाई मौखिक मूल्यांकन गरेको तथ्य पहिलो दिनको अवलोकनबाट प्राप्त भएको थियो भने दोस्रो दिनको अवलोकन अनुसार पनि ६६.६६ प्रतिशत नै र तेस्रो दिनमा पनि ६६६६ प्रतिशत शिक्षकहरुले विद्यार्थीको मौखिक मूल्यांकन गर्दै आएको पाइयो । शिक्षकहरुले कक्षा समापन पश्चात पृष्ठपोषण दिने गर्नुभएको छ या छैन भन्ने कुरालाई पहिचान गर्नका लागि गरिएको अवलोकन अनुसार ६६.६६ प्रतिशत शिक्षकले पृष्ठपोषण दिएको भए  पनि बाँकी ३३.३३ प्रतिशत शिक्षकले पृष्ठपोषण प्रदान गर्न नसकेको पाइयो । त्यसैगरी दोस्रो दिनको अवलोनबाट  प्राप्त तथ्यमा पनि ६६. प्रतिशत शिक्षकहरुले नै पृष्ठपोषण दिएको पाइयो भने तेस्रो दिनको अवलोकननमा पनि

सोही तथ्य (६६.६६ प्रतिशत) नै दोहोरिन आएको थियो । विद्यालयमा शिक्षकहरुले दिने गृहकार्यको अवस्थालाई हेर्दा सबै शिक्षकहरुले लिखित तथा मौखिक रुपमा गृहकार्य प्रदान गर्दै आएको पाइयो । कक्षा समापनमा पनि शिक्षकहरुले गर्ने कार्यनीतिहरुको अवलोकन गरी अध्ययन गर्दा तीन पटकको कक्षा अवलोकनमा प्राप्त तथ्य अनुसार उतार चढाव नदेखिएको हुँदा प्राप्त तथ्यांक विश्वासनीय भएको विश्वास गरिएको छ ।

अध्ययन तथा अनुसन्धानका क्रममा शिक्षकसँग गरिएको अन्तरवार्ता अनुसार प्रवचन, छलफल र प्रश्न गरेर पाठको समीक्षा गरेको पाइयो । शिक्षकहरुले शिक्षण कार्यको अन्त्यमा सधैं मौखिक मूल्यांकन गर्ने, साथै मूल्यांकन पश्चात पृष्ठपोषण दिने गरेको तथ्य समेत अनुसन्धानका क्रममा जानकारी प्राप्त भएको थियो । सबै जसो शिक्षकहरुले गृहकार्य दिने गरेको गृहकार्य नगर्ने बालबालिकाहरुलाई गाली गर्ने तथा हप्काउने जस्ता क्रियाकलाप गर्ने गरेको तथ्य समेत प्र.अ.सँगको अन्तरवार्ता अनुसार जानकारी प्राप्त भएको थियो ।

शिक्षकहरुले गृहकार्य दिने क्रममा सधैं मार्करबोर्डमा लेखेर, मौखिक रुपमा भनेर गृहकार्य दिने गरेको पाइयो । गृहकार्य ल्याउनेलाई हौसला दिने र नगर्नेलाई गर्नका लागिप्रोप्तसाहन दिने जस्ता क्रियाकलापहरु छनोटमा परेका ६७ प्रतिशत शिक्षकहरुबाट हुने गरेको तथ्य प्राप्त भएको थियो । शिक्षकहरुले गृहकार्य जाँच गर्ने बेलामा अफिस कोठामा लगि जाँच गर्ने गरेको तथ्य समेत शिक्षकहरुसँग गरिएको छलफल तथा अन्तरक्रियाबाट तथ्य प्राप्त भएको थियो । पाठको अन्त्यमा कक्षा समापन गर्ने तरिकाको सम्बन्धमा प्र.अ.सँग गरिएको अन्तरक्रियामा शिक्षकहरुले प्रश्न सोधी पाठको पुनरावलोकन गर्ने गरेको, मूल्यांकन पश्चात पृष्ठपोषण दिने गरेको र मौखिक तथा लिखित गृहकार्य दिई पाठको अन्त्य गर्ने गरेको पाइयो ।

यसरी संक्षेपमा विश्लेषण गर्दा शिक्षकहरुले कक्षा समापन गर्दा प्रयोग गरेका कार्यनीतिको अध्ययनमा शिक्षक तथा प्र.अ.सँगको अन्तरवार्ताबाट प्राप्त तथ्य अनुसार शिक्षकहरुले

प्रयोग गर्दै आएका कार्यनीतिमा समानता रहेको पाइयो । सबै शिक्षकले एउटै कार्यनीति अपनाएको भए पनि सबै शिक्षकहरुले प्रभावकारी ढंगबाट प्रयोगमा ल्याउन नसकेको तथ्य अवलोकन तथा अन्तरवार्ताका क्रममा जानकारी प्राप्त भएको थियो ।

## ४.२ शिक्षकहरुले कक्षाकोठामा प्रयोग गरेका शिक्षण सिकाई कार्यनीतिमा देखिएका समस्याहरु

भरतपुर नगर क्षेत्र लंकूस्रोत केन्द्र अन्तर्गत रहेका ६ वटा सामुदायिक विद्यालयलाई आधार मानेर कक्षाकोठा शिक्षणमा शिक्षकले प्रयोग गर्ने कार्यनीतिकहरु नामक शीर्षकमा गरिएको प्रस्तुत शोधपत्रमा अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर गरिएको अध्ययन अवलोकन, छलफल अन्तरक्रिया एवम् अनुसूचीमा उल्लेखित प्रश्नावलीका आधारमा प्राप्त तथ्य अनुसार शिक्षकहरुले उचित तवरले कार्यनीतिहरुको प्रयोग गर्न नसक्नुमा देखिएका समस्याहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### क) विद्यार्थीसंख्या अधिक रहनु

कक्षाकोठा शिक्षणमा शिक्षकले प्रयोग गर्ने कार्यनीतिहरु नामक शीर्षकमा तयार गरिएको प्रस्तुत शोधकार्यमा सामुदायिक विद्यालयमा कक्षा कोठा तथा शिक्षक दरबन्दीको अभाव रहनु, एउटै शिक्षकले बढी विद्यार्थीलाई अध्यापन गराउन पर्नु, धेरै विद्यार्थी भएका कारण हो हल्ला बढी हुने जस्ता कुराहरुले गर्दा शिक्षकहरुले आफ्ना कार्यनीतिहरु उचित तवरले प्रस्तुत गर्न पाउनु भएको छैन, विद्यार्थी मूल्यांकन, एवम् अध्यापन शैलीमा समेत यसले प्रभाव पारेको छ भन्ने जस्ता उत्तरहरु प्र.अ.सँगको छलफल तथा अन्तरक्रियाबाट जानकारी प्राप्त भएको थियो भने स्वयं शिक्षकहरुबाट समेत विद्यार्थी संख्या अधिक भएको र शिक्षक विद्यार्थी अनुपात मिल्न नसक्दा प्रभावकारी ढंगले कार्यनीतिको प्रयोग गर्न नसकेको पाइयो ।

**ख) आर्थिक अभाव**

विद्यालयमा शिक्षकले आफ्ना कार्यनीतिहरु के कसरी प्रयोग गर्दै आउनु भएको छ र के कस्ता समस्या रहेका छन् भन्ने बारेमा गरिएको छलफल तथा अन्तरक्रिया अनुसार सबै शिक्षकहरुको दरबन्दी नरहनु, निजिस्रोतबाट शिक्षकराख्नु पर्ने अवस्था जस्ता कुराहरुले आर्थिक भार बढी हुने गरेको र विद्यालयको आयस्रोत जुटाउने ठाउँ हुन नसकेका कारणले गर्दा पनि उचित शैक्षिक सामग्रीको प्रयोग गरेर अध्यापन गराउन नसकिएको तथ्य प्र.अ.सँगको छलफल तथा अन्तरक्रियाबाट जानकारी प्राप्त भएको छ ।

**ग) प्रोत्साहनको कमी**

विद्यालयमा उचित एवम् प्रभावकारी ढंगले अध्यापन गराउने शिक्षकहरुलाई सम्मान तथा प्रोत्साहन गर्न नसकेका कारणले पनि शिक्षकहरुमा निरुत्साह उत्पन्न भएको भन्ने जस्ता तथ्यहरु शिक्षकहरुसँग गरिएको छलफल तथा अन्तरक्रियाबाट जानकारी प्राप्त भएको थियो । जतिसुकै प्रभावकारी ढंगबाट अध्यापन गरिए पनि विद्यालय प्रशासनबाट कुनै पनि कुराको सेवा सुविधा थप हुन नसक्नु, आफूहरुले गरेका कार्यकलापहरुको उचित मूल्यांकन नहुनु जस्ता कुराहरुले गर्दा आफूहरुमा दक्षता हुँदा हुँदै पनि प्रयोग गर्नका लागि जाँगर नआउने गरेको भन्ने जस्ता उत्तर समेत शिक्षकहरुबाट प्राप्त भएको थियो ।

**घ) शिक्षकलाई तालिमको व्यवस्था हुन नसक्नु**

शिक्षण कार्य भनेको व्यवहारिक तथा समसामयिक ढंगबाट सबै बालबलिकालाई प्रभावकारी हुने तवरले अध्यापन गर्नु पर्ने कार्य भएको हुँदा शिक्षकलाई समय समयमा तालिमको व्यवस्था गर्नु आवश्यक रहेको तथ्य अध्ययनका क्रममा प्र.अ. तथा शिक्षकहरुबाट जानकारी प्राप्त भएको थियो । पाठ्यक्रम अनुसारको तालिमको अभाव रहनु, तलिम पाएका शिक्षकलाई पनि पुर्नतार्जगी तालिम नहुनु जस्ता समस्याहरुले गर्दा कतिपय शिक्षकहरु के कसरी अध्यापन गर्ने भन्ने कुरामा आफूहरु नै अनविज्ञ रहेको हुँदा परम्परागत शैलीलाई नै अवलम्बन गर्नुपर्ने बाध्यता रहेको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो ।

### ङ) शिक्षकमाअत्याधिक कार्यभार रहनु

शिक्षक दरबन्दी कम रहनु, तल्लो तहका शिक्षकले माथिल्लो तहमा अध्यापन गर्नु पर्ने बाध्य परिवेश जस्ता कुराहरुले गर्दा शिक्षकहरुमा कार्यभार अधिक रहेको पाइयो । अधिक कार्यभार भएकै कारणले गर्दा आफूहरुले खालिसमयमा अध्ययन गरेर बालबालिकाको व्यवहार अनुकूलका कार्यनीतिको प्रयोग गरेर अध्यापन गर्न नसकिएको, केबल प्रवचन विधिका माध्यमबाट अध्यापन गराउनु पर्ने बाध्यात्मक परिस्थिति रहेको भन्ने जस्ता उत्तरहरु शिक्षकहरुसँगको अन्तरवार्ताबाट जानकारी प्राप्त भएको थियो ।

### च) निरीक्षण एवम् अनुगमन प्रभावकारी हुन नसक्नु

विद्यालयमा शिक्षकहरुले के कस्ता कार्यनीतिहरु प्रयोग गरेर अध्यापन गर्दै आएका छन् भन्ने कुरामा सम्बन्धित स्रोतकेन्द्रबाट के कस्तो मात्रा निरीक्षण एवम् अनुगमन हुने गरेको छ भन्ने बारेमा प्र.अ.सँग गरिएको छलफल तथा अन्तरक्रिया अनुसार स्रोतकेन्द्रबाट स्रोतव्यक्ति समय समयमा आउने गरेको तर विद्यालयका अन्य गतिविधि, विद्यार्थी भर्ना, विद्यार्थी उपस्थिति जस्ता कुराहरुमा बढी मात्रामा छफल तथा अन्तरक्रिया हुने गरेको पाइए पनि शिक्षकको कार्यनीतिका बारेमा खासै छलफल तथा अन्तरक्रिया नहुने गरेको तथ्य प्र.अ.बाट प्राप्त भएको थियो भने प्र.अ. आफैको कार्यव्यस्तताका कारणले पनि शिक्षकहरुले के कस्ता कार्यनीतिको प्रयोग गर्दै आउनु भएको छ भन्ने बारेमा नियमित अनुगमन हुन नसकेको तथ्य अध्ययनका क्रममा प्राप्त भएको थियो ।

## ४.३कक्षाकोठामाशिक्षण सिकाइ कार्यनीतिहरुलाई प्रभावकारी बनाउने उपायहरु

भरतपुर नगर क्षेत्र लंकूस्रोत केन्द्र अन्तर्गत रहेका ६ वटा सामुदायिक विद्यालयलाई आधार मानेर कक्षाकोठा शिक्षणमा शिक्षकले प्रयोग गर्ने कार्यनीतिकहरु नामक शीर्षकमा गरिएको प्रस्तुत शोधपत्रमा अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर गरिएको अध्ययन अवलोकन, छलफल अन्तरक्रिया एवम् अनुसूचीमा उल्लेखित प्रश्नावलीका आधारमा प्राप्त तथ्य अनुसार देखिएका समस्याका आधारमा कक्षाकोठामा शिक्षण सिकाइ कार्यनीतिलाई के

कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने बारेमा गरिएको अवलोकन एवम् छलफल अन्तरक्रियाबाट प्राप्त तथ्यांकलाईनिम्नानुसार प्रस्तुत गरिएको छ :

**क) शिक्षक तथा विद्यार्थी अनुपात मिलाएर शिक्षण गर्नुपर्ने**

कक्षाकोठा शिक्षणमा शिक्षकले प्रयोग गर्ने कार्यनीतिहरु नामक शीर्षकमा तयार गरिएको प्रस्तुत शोधकार्यमा सामुदायिक विद्यालयमा कक्षा कोठा तथा शिक्षक दरबन्दीको अभाव रहनु, एउटै शिक्षकले बढी विद्यार्थीलाई अध्यापन गराउन पर्नु, धेरै विद्यार्थी भएका कारण हो हल्ला बढी हुने जस्ता कुराहरुले गर्दा शिक्षकहरुले आफ्ना कार्यनीतिहरु उचित तवरले प्रस्तुत गर्न पाउनु भएको छैन, विद्यार्थी मूल्यांकन, एवम् अध्यापन शैलीमा समेत यसले प्रभाव पारेको छ भन्ने जस्ता उत्तरहरु प्र.अ.सँगको छलफल तथा अन्तरक्रियाबाट जानकारी प्राप्त भएको थियो भने स्वयं शिक्षकहरुबाट समेत विद्यार्थी संख्या अधिक भएको र शिक्षक विद्यार्थी अनुपात मिल्न नसक्दा प्रभावकारी ढंगले कार्यनीतिको प्रयोग गर्न नसकिएको भन्ने जस्ता उत्तरहरु प्राप्त भएको हुँदा भोलिका दिनमा शिक्षक विद्यार्थी अनुपात मिलाएर अध्यापन हुन सकेका खण्डमा शिक्षकले विद्यार्थीहरुलाई नियन्त्रण गरी आवश्यक कार्यनीतिको अबलम्वन गरेर अध्यापन गर्नका लागि सहज हुन सक्दछ ।

**ख) आर्थिक अवस्थामा सुधार गर्नुपर्ने**

विद्यालयमा शिक्षकले आफ्ना कार्यनीतिहरु के कसरी प्रयोग गर्दै आउनु भएको छ र के कस्ता समस्या रहेका छन् भन्ने बारेमा गरिएको छलफल तथा अन्तरक्रिया अनुसार सबै शिक्षकहरुको दरबन्दी नरहनु, निजिस्रोतबाट शिक्षकराख्नु पर्ने अवस्था जस्ता कुराहरुले आर्थिक भार बढी हुने गरेको र विद्यालयको आयस्रोत जुटाउने ठाउँ हुन नसकेका कारणले गर्दा पनि  उचित शैक्षिक सामग्रीको प्रयोग गरेर अध्यापन गराउन नसकिएको विभिन्न क्रियाकलापहरु धनधान्यान्चल, चन्दा जस्ता क्रियाकलापहरु गरेर विद्यालयको आर्थिक अवस्थामा सुधार गर्न सकेको खण्डमा आवश्यक शैक्षिक सामग्रीहरु जुटाएर अध्यापन गर्न सकिने र शिक्षकले आफ्ना कार्यनीतिको प्रयोग गर्नमा सहजता पुग्ने तथ्य समेत अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो ।

**ग) प्रोत्साहन तथा सेवा सुविधामा थप गरिनु पर्ने**

विद्यालयमा उचित एवम् प्रभावकारी ढंगले अध्यापन गराउने शिक्षकहरुलाई सम्मान तथा प्रोत्साहन गर्न नसकेका कारणले पनि शिक्षकहरुमा निरुत्साह उत्पन्न भएको भन्ने जस्ता तथ्यहरु शिक्षकहरुसँग गरिएको छलफल तथा अन्तरक्रियाबाट जानकारी प्राप्त भएको थियो । जतिसुकै प्रभावकारी ढंगबाट अध्यापन गरिए पनि विद्यालय प्रशासनबाट कुनै पनि कुराको सेवा सुविधा थप हुन नसक्नु भन्ने जस्ता उत्तरहरु प्राप्त भएको हुँदा शिक्षकको अवस्था तथा उसले गर्दै आएका कार्यकलापको अध्ययन अनुगमन गरेर सोही अनुसार प्रोत्साहन स्वरुप सेवा सुविधा थप गर्ने तथा सम्मान एवम् पुरस्कार को व्यवस्था हुन सकेका खण्डमा शिक्षकले प्रयोग गर्ने कार्यनीतिलाई थप प्रभावकारी बनाउन सकिन्छ ।

**घ) तालिमको व्यवस्था प्रभवाकारी बनाउनु पर्ने**

शिक्षण कार्य भनेको व्यवहारिक तथा समसामयिक ढंगबाट सबै बालबलिकालाई प्रभावकारी हुने तवरले अध्यापन गर्नु पर्ने कार्य भएको हुँदा शिक्षकलाई समय समयमा तालिमको व्यवस्था गर्नु आवश्यक रहेको तथ्य अध्ययनका क्रममा प्र.अ. तथा शिक्षकहरुबाट जानकारी प्राप्त भएको थियो । पाठ्यक्रम अनुसारको तालिमको अभाव रहनु, तलिम पाएका शिक्षकलाई पनि पुर्नताजगी तालिम नहुनु जस्ता समस्याहरुले गर्दा कतिपय शिक्षकहरु के कसरी अध्यापन गर्ने भन्ने कुरामा आफूहरु नै अनविज्ञ रहेको हुँदा परम्परागत शैलीलाई नै अवलम्बन गर्नुपर्ने बाध्यता रहेको तथ्य अध्ययनबाट प्राप्त हुनुका साथै भोलिका दिनमा सरकारी तवरबाट नै तालिम लिएका शिक्षकलाई पुनर्ताजी तालिम र तालिम अप्राप्त शिक्षकलाई तालिमको व्यवस्था गरी पेशाप्रति देखिएका कमी कमजोरीको निराकरण गर्ने अवसर प्रदान हुन सकेका खण्डमा शिक्षकले उचित कार्य नीतिको अवलम्बन गरेर अध्यापन गर्नका लागि थप सहयोग पुग्ने तथ्य शिक्षकहरुसँगको छलफल तथा अन्तरक्रियाबाट जानकारी प्राप्त भएको छ ।

### ङ) शिक्षकमा पिरियडभार कम गरिनु पर्ने

शिक्षक दरबन्दी कम रहनु, तल्लो तहका शिक्षकले माथिल्लो तहमा अध्यापन गर्नु पर्ने बाध्यात्मकपरिवेश जस्ता कुराहरुले गर्दा शिक्षकहरुमा पिरियडभार अधिक रहेको पाइयो । अधिक पिरियडभार भएकै कारणले गर्दा आफूहरुले खालिसमयमा अध्ययन गरेर बालबालिकाको व्यवहार अनुकूलका कार्यनीतिको प्रयोग गरेर अध्यापन गर्न नसकिएको, केवल प्रवचन विधिका माध्यमबाट अध्यापन गराउनु पर्ने बाध्यात्मक परिस्थिति रहेको हुँदा शिक्षण कार्यलाई प्रभावकारी  बनाउनका लागि शिक्षकको कार्यभारलाई मध्यनजर गरी सोही अनुसार कार्यभार कम गरेर अध्यापन गर्ने विषयका बारेमा शिक्षकलाई अध्ययन गर्ने समय प्रदान हुन सकेको खण्डमा थप प्रभावकारी हुन सक्ने तथ्य अध्ययनबाट प्राप्त भएको छ ।

### च) निरीक्षण एवम् अनुगमन प्रभावकारी बनाउनु पर्ने

विद्यालयमा शिक्षकहरुले के कस्ता कार्यनीतिहरु प्रयोग गरेर अध्यापन गर्दै आएका छन् भन्ने कुरामा सम्बन्धित स्रोतकेन्द्रबाट के कस्तो मात्रामा निरीक्षण एवम् अनुगमन हुने गरेको छ भन्ने बारेमा प्र.अ.सँग गरिएको छलफल तथा अन्तरक्रिया अनुसार स्रोतकेन्द्रबाट स्रोतव्यक्ति समय समयमा आउने गरेको तर विद्यालयका अन्य गतिविधि, विद्यार्थी भर्ना, विद्यार्थी उपस्थिति जस्ता कुराहरुमा बढी मात्रामा छलफल तथा अन्तरक्रिया हुने गरेको पाइए पनि शिक्षकको कार्यनीतिका बारेमा खासै छलफल तथा अन्तरक्रिया नहुने गरेको तथ्य प्र.अ.बाट प्राप्त भएको थियो भने प्र.अ. आफैको कार्यव्यस्तताका कारणले पनि शिक्षकहरुले के कस्ता कार्यनीतिको प्रयोग गर्दै आउनु भएको छ भन्ने बारेमा नियमित अनुगमन हुन नसकेको पाइएको हुँदा निरीक्षण तथा अनुगमन कार्यालई प्रभावकारी बनाउन सकेका खण्डमा शिक्षकले कक्षाकोठामा प्रयोग गर्ने कार्यनीति थप प्रभावकारी हुन सक्ने तथ्य अध्ययनबाट प्राप्त भएको छ ।

माध्यमिक तहका गणित शिक्षकले प्रयोाग गरेका कार्यनीतिहरु विषयक शीर्षकमा गरिएको प्रस्तुत शोधपत्रमा तथ्यांकहरुको व्याख्या एवम् विश्लेषण पश्चात प्राप्त प्राप्तिलाई सारांशका रुपमा निम्नानुसार प्रस्तुत गरिएको छः

पहिलो, दोस्रो र तेस्रो दिनको कक्षा अवलोकनमा शिक्षकहरुले विद्यार्थी उत्प्रेरित गरी कक्षा आरम्भ गर्ने कार्यमा एकरुपता रहेकोले उक्त कार्य विश्वसनीय रहेको पाइयो । सबै जसो शिक्षकले अध्यापन गराउँदा कक्षा आरम्भमा पूर्वपाठको पुनरावलोकन गराएर मात्र अर्को पाठको शुरुवात गर्ने गरेको पाइयो । सबै जसो शिक्षकले खोजमुलक तथा समस्या समाधान विधिको प्रयोग गर्न नसकेको पाइयो । जस मध्येमा ६६.६६ प्रतिशत शिक्षकले मात्र समस्या समाधान विधको प्रयोग गरेको पाइयो भने बाँकि ३३.३३ प्रतिशत शिक्षकले प्रवचन विधिको प्रयोगगरेको पाइयो । पहिलो, दोस्रो, तेस्रो तिनै वटा कक्षा अवलोकननमा कक्षा नियन्त्रण गरी कक्षा अरम्भ गर्ने कार्यमा एकरुपमा आएको हुँदा उक्त कार्य बढी विश्वासनीय रहेको पाइन्छ । शैक्षिक सामग्रीको प्रयोगको अवस्थालाई  हेर्दा सबै शिक्षकले मार्कर बोर्डको प्रयोग गरेको भए पनि शिक्षकमा पिरियडभारको बढी विद्यालयको आर्थिक अवस्थाका कारण आवश्यक शैक्षिक सामग्री उपलब्ध हुन नसक्नु जस्ता विविध कारणले हरुले गर्दा प्रभावकारी ढंगबाट शैक्षिक सामग्री प्रयोग गर्नमा असहजता हरेको पाइयो । उदाहरण दिएर विषयवस्तु प्रष्ट पार्ने कार्यको बारेमा गरिएको अवलोकन अनुसार तीन पटक सम्मको अवलोकनमा एकरुपता आएको हुँदा विश्वासनीय रहेको पाइयो ।

कक्षा कार्यगर्दा विषयस्तुका बारेमा प्राष्ट पार्नका लागि विच विचमा विद्यार्थीलाई प्रश्न सोधेर मूयांकन गर्ने कार्य ६६ प्रतिशत शिक्षकबाट भए पनि सबैबाट हुन नसकेको पाइयो ।सबै शिक्षकले पाठको पुनरावलोकन गरेर मात्र प्रश्न गरेको पइयो ।  विद्यार्थी मूल्यांकन के कसरी गरिएको छ भन्ने बारेमा गरिएको अवलोकन अनुसार सबै शिक्षकहरुले मौखिक मूल्यांकनलाई नै प्रयोगमा ल्याएको पाइयो  । मूल्यांकन पश्चात पृष्ठपोषण प्रदान गर्ने कार्यको अध्ययनमा सबै शिक्षकमा एक रुपता भएको हुँदा उक्त तथ्य विश्वासनीय रहेको पाइयो । छनोटमा परेका सबै शिक्षकले लिखित तथा मैखिक रुपबाट गृहकार्य दिने गरेको र भोलिपल्ट गृहकार्य जाँच समेत गर्ने गरेको पाइयो ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझावहरु

माध्यमिक तहका गणित शिक्षकले प्रयाोग गरेका कार्यनीतिहरु नामक शीर्षकमा गरिएको प्रस्तुत शोधपत्रको अध्ययनका क्रममा चितवन जिल्ला भरतपुर नगर क्षेत्र लंकू स्रोतकेन्द्र अन्तर्गतका ६ वटा सामुदायिक विद्यालयलाई यस अध्ययनको जनसंख्याको रुपमा छनोट गरी आवश्यक तथ्यांकलाई गुणात्मक तवरले व्याख्या एवम् विश्लेषण गरी प्राप्त तथ्यका आधारमा प्राप्तिको सारांश समेत प्रस्तुत गरिएको छ । अध्ययन कार्यलाई उद्देश्य अनुसार पूर्ण रुप प्रदान गर्नका लागि अध्ययनकार्यबाट प्राप्त भएको नतिजाको व्याख्या एवम् विश्लेषण पश्चात त्यसको निचोड तथा भोलिका दिनमा यसलाई थप प्रभावकारी बनाउनका लागि निम्नानुसारका उपशीर्षकहरुमा निष्कर्ष तथा सुझावहरु प्रस्तुत गरिएको छ :

## ५.१ निष्कर्ष

शिक्षकहरुले कक्षाकोठामा प्रयोग गरेका शिक्षण सिकाइ कार्यनीतिको पहिचान गर्नु, शिक्षकहरुले कक्षाकोठामा प्रयोग गरेका शिक्षण सिकाई कार्यनीतिमा देखिएका समस्याहरु पहिचान गर्नु, कक्षाकोठामा शिक्षण सिकाइ कार्यनीतिलाई प्रभावकारी बनाउने उपायहरु पेश गर्नु जस्ता उद्देश्यमा केन्द्रित रहेर गरिएको प्रस्तुत शोधकार्य चितवन जिल्ला भरतपुर नगरक्षेत्र अन्तर्गतका ६ वटा सामुदायिक विद्यालयका जम्मा २१२ शिक्षकहरु मध्येमा उद्देश्यपूर्ण नमुना छनोट विधिका आधारमा छनोटमा परेका ६ जना माध्यमिक तहका गणित शिक्षकले प्रयाोग गरेका कार्यनीतिहरु जस्तै, विद्यार्थी उत्प्रेरणा, कक्षा नियन्त्रण, शिक्षण विधि, शैक्षिक सामग्रीको प्रयोग, कक्षाकोठामा विद्यार्थी सहभागिता वातावरण, पाठको अन्त्य, मूल्यांकन, पृष्ठपोषण, गृहकार्य जस्ता पक्षको अवलोकन गरी प्राप्त सूचनाको आधारमा व्याख्या एवम् विश्लेषण गर्ने कार्य प्रस्तुत शोधपत्रमा गरिएको छ ।

शिक्षकहरुले कक्षाकोठामा प्रोग गरेका कार्यनीतिहरुको अध्ययन गर्दा विद्यार्थी, उत्प्रेरणा, कक्षा नियन्त्रण जस्ता कार्यकलापहरु गरेर कक्षा अरम्भ गर्ने कार्य छनोटमा परेका ७०

प्रतिशत भन्दा बढी शिक्षकहरुबाट भएको पाइन्छ । प्रभावकारी रुपमा सिकाइ क्रियाकलापमा विद्यार्थी सहभागिता बढी रहेको छ । कक्षा कार्यकलापमा बढि भन्दा बढी विद्यार्थीलाई सक्रिय बनाउनु पर्दछ भन्ने धारणा सबै शिक्षकहरुको रहेको भए पनि पूर्ण रुपमा कार्यन्वयन हुन भने सकिरहेको छैन । अझै सम्म पनि प्रवचन विधिको प्रयोग गरेर अध्यापन गर्ने शिक्षकहरु ३३.३३ प्रतिशत रहेको पाइन्छ । शिक्षकमा आवश्यक तालिमका आभावका कारणले गर्दा तथा पुनर्ताजगी तालिमको अभावका कारणले समय सान्दर्भिक रहेर अध्ययन गर्नका लागि शिक्षकहरुमा असहजता भएको पाइन्छ ।

कक्षा समापन गर्दा सबै शिक्षकहरुले प्रश्न सोधेर पाठको पुनरावलोकन गर्ने गरेको पाइयो । विद्यार्थी मूल्यांकनमा लिखित मूल्यांकनलाई कुनै पनि शिक्षकले प्रयोग नगरेको र मैखिक तथा लिखित रुपमा गृहकार्य दिएर गृहकार्य जाँच गर्ने गरेको पाइयो । विद्यालयमा शिक्षकलाई पिरियणभार बढी हुनु, शिक्षक विद्यार्थी बिच सुमधुर  सम्बन्ध कायम हुन नसक्नु, शिक्षकले प्रयोग गरेका कार्यनीतिको बारेमा उचित निरीक्षण एवम् मूल्यांकन हुन नसक्नु, शिक्षकहरुलाई प्रोत्साहन तथा सम्मानको व्यवस्था गर्न नसक्नु जस्ता विविध समस्याहरुले गर्दा दक्ष शिक्षकले पनि प्रभावकारी ढंगबाट कार्यनीतिको प्रयोग गर्ने कार्यलाई कम चासो देखाएको पाइएको हुँदा उल्लेखित समस्यालाई मध्यनजर गरी न्युनीकरणका लागि आवश्यक कार्यकलाप गर्न सकेको खण्डमा शिक्षण सिकाइमा शिक्षकले प्रयोग गर्ने कार्यनीतिहरु थप प्रभावकारी हुन सक्ने निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ५.२ सुझावहरु

अध्ययनका सिलसिलामा प्राप्त गरिएका सूचनाहरुको व्याख्या एवम् विश्लेषण गरिसकेपछि प्राप्त प्राप्ति तथा निष्कर्षका आधारमा अध्ययनमा देखा परेका कमीकमजोरीलाई औँल्याउँदै भोलिका दिनमा कक्षा शिक्षण गर्दा शिक्षकले गर्ने कार्यनीतिलाई थप प्रभावकारी बनाउनका लागि नीति निर्माण तह, अनुसन्धान तह तथा कार्यान्वयन तहका लागि निम्नानुसार सुझाव प्रस्तुत गरिएको छ :

### ५.२.१ नीति निर्माण तह

दक्ष तथा योग्यता प्राप्त शिक्षकको अभावका कारणले गर्दा शिक्षण सिकाइ कार्यकलाप प्रभावकारी नहुने हुँदा शक्तिशाली तथा स्वतन्त्र शिक्षक आयोग गरेर शिक्षक लाइसेन्स दिने व्यवस्था हुन सकेका खण्डमा अध्यापन कार्य दक्ष शिक्षकको प्रयोग भई उचित तवरबाट कार्यनीतको प्रयोग गरेर अध्यापन हुन सक्ने देखिन्छ । कुनै पनि पेशामा लागेका व्यक्तिहरुमा उनीहरुलाई पेशाप्रति आकर्षण गर्न नसकिएका खण्डमा उक्त पेशाप्रति निरुत्साह बढ्दै जाने हुनाले शिक्षकलाई शिक्षण कार्यमा प्रोत्साहन गर्नका लागि सरकारी तवरबाट नै उनीहरुको उत्प्रेरित गर्ने खालका नीति तयार हुन सकेका खण्डमा शिक्षकलाई आफ्नो पेशाप्रति अभिप्रेरणा जागृत भई शिक्षण सिकाइ क्रियाकलापमा उचित कार्यनीतिको प्रयोग गरेर अध्यापन गराउन सक्ने देखिन्छ । शिक्षकलाई समय अनुसार परिमार्जित गर्नका लागि तालिम तथा पुनर्ताजगी तालिमले महत्वपूर्ण भूमिका निर्वाह गर्ने हुँदा सरकारी निकायबाट नै उचित नीति तयार गरी शिक्षकलाई तालिम प्रदान गर्न सकेका खण्डमा शिक्षण सिकाइ कार्यकलापमा यसले प्रभावकारी भूमिका निर्वाह गर्नसक्ने देखिन्छ ।

### ५.२.२ कार्यान्वयन तह

शिक्षकहरुले आफूहरुले प्राप्त गरेका ज्ञानहरुले मात्र शिक्षण कार्यका लागि सहज नहुने हुँदा  कार्यान्यवन तहले शिक्षण सिकाइ कार्यकलापलाई केकेसरी कार्यान्वयन गर्ने तथा के कस्ता कार्यनीति कक्षाकोठामा प्रयोग गर्दा प्रभावकारी हुन्छ भन्ने बारेमा समय समयमा छलफल अन्तरक्रिया एवम् गोष्ठिको सञ्चालन गरी तालिम दिने व्यवस्था गर्नुका साथै सो को कार्यान्वयन के कसरी भएको छ भन्ने बारेमा समय समयमा नीरिक्षण तथा अनुगमन कार्य प्रभावकारी ढंगले हुन सकेका खण्डमा भोलिका दिनमा शिक्षकले उचित कार्यनीतिहरु बनाएर कक्षाकोठामा प्रतुत गर्नसक्ने देखिन्छ । नीति निर्माण तहमा उल्लेख गरिए अनुसारको शिक्षकलाई तालिम दिने व्यवस्था कार्यान्वयन तहबाट प्रभावकारी ढंगले कार्यान्वयन गर्न सकेको खण्डमा अझ प्रभावकारी हुने देखिन्छ । विद्यालयमा शिक्षक भार बढी हुने, शिक्षक विद्यार्थी अनुपात नमिलेका कारण शिक्षकले आफ्ना कार्यनीतिहरु सहज

ढंगले प्रयोग गर्न नसक्ने जस्ता समस्या रहन गएको हुँदा कार्यान्वयन तहमा देखिएका समस्या कार्यान्वयन पक्षले तदरुकताका साथ समस्या नीराकरणका लागि लागि पर्न सकेका खण्डमा कक्षाकोठा शिक्षणशिक्षकहरुले प्रयोग गर्ने कार्यनीति थप प्रभावकारी हुने देखिन्छ ।

### ५.२.३ अनुसन्धान तह

माध्यमिक तहका गणित शिक्षकले प्रयाोग गरेका कार्यनीतिहरु नामक शीर्षकमा गरिएको प्रस्तुत शोधपत्रमा सीमित स्रोत साधन, समय जस्ता कुराहरुले गर्दा सम्पूर्ण पक्षको बारेमा अध्ययन अनुसन्धान हुन नसकेको हुँदा भोलिका  दिनमा यस अध्ययन अनुसन्धानसँग सम्बन्धित भएर अध्ययन अनुसन्धान गर्न चाहने भावि अनुसन्धानकर्ताले माध्यमिक तहका गणित शिक्षकले प्रयाोग गरेका कार्यनीतिहरुको बारेमा विश्वासनीय तथ्यांक शास्त्रीय ढंगले व्याख्या एवम् विश्लेषण गर्नुका साथै शिक्षकको अनुभवलाई आधार मानेर उनीहरुले गर्ने कार्यनीतिको बारेमा अध्ययन गर्न सकेका खण्डमा थप प्रभावकारी हुने देखिन्छ । साथै शिक्षकहरुले किन आफ्ना कार्यनीतिहरु प्रभावकारी ढंगले प्रयोग गर्न सकेका छैनन्, के कस्ता समस्या रहेका छन्, के कस्तो वातावरण सृजना गर्न सकेका खण्डमा समस्या समस्या समाधान हुन सक्ने भन्ने कुरालाई आधार मानी गहन अध्ययन अनुसन्धान हुन सकेका खण्डमा कक्षाकोठा शिक्षणमाशिक्षकले प्रयोग गर्ने कार्यनीतिहरु थप प्रभावकारी हुन सक्ने देखिन्छ ।

# सन्दर्भ सामग्री


अधिकारी, पुष्पराज (सन् २०१३), नेपालको शैक्षिक इतिहास, www.sampadasanskriti.blogspot.com, reterived in 24th January , 2018.

काफ्ले, टोलनाथ (२०६०), *प्राथमिक विद्यालयका तालिम प्राप्त र अप्राप्त शिक्षकहरुमा हुनुपर्ने आधारभूत निपूर्णता, अप्रकाशित स्नाकोत्तर प्रतिवेदन, काठमाडौं :* त्रि.वि. शिक्षाशास्त्र संकाय ।

डंगोल, दीलभक्त (१९९६), *प्राथमिक तहको सामाजिक विषयमा तालिम प्राप्त र अप्राप्त शिक्षकद्वारा गरिने शिक्षण क्रियाकला, मूल्याङ्कन प्रक्रिया र शैक्षिक सामग्रीको प्रयोग एक तुलनात्मक अध्ययन,* काठमाडौ : त्रि.वि. शिक्षाशास्त्र संकायय ।

ढकाल, माधप्रसाद (२०५२), *नेपालमा प्राथमिक शिक्षा,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, गिरीराज (२०६०), *शैक्षिक प्रविधि,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, संजिव (२०६७), *तालिम प्राप्त अप्राप्त शिक्षकहरुको कक्षाकोठाको अध्ययन,* चितवन : अप्रकाशित स्नातकोत्तर शोधपत्र, सप्तगण्डकी बहुमुखी क्याम्पस शिक्षा विभाग ।

बराल, खजराज (सन् २०१४), *कक्षाकोठामा पाठ्यक्रमको सृजनात्मक प्रयोग,* काठमाडौं : www. edukhabar.com.np. reterived 22th july 2017.

भट्टराई, अयोध्या कुमार अयोध्या (सन्२०१४),*समावेशी शिक्षाको महत्व र प्रयोग,* काठमाडौ : कान्तिपुर दैनिक www.edukhabar.com. reterived 22th july 2017.

राष्ट्रिय पाठ्यक्रम प्रारुप (२०६३), *नेपालका शिक्षा आयोग प्रदिवेदनहरु,* काठमाडौं : मकालु बुक्स एण्ड स्टोर्स ।

*शिक्षा ऐन (२०२८) तथा शिक्षा नियमावली (२०५९),* काठमाडौं : महालु बुक्स एण्ड स्टेसनरी ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६३), *निम्न माध्यमिक तथा माध्यमिक शिक्षक तालिम कार्यान्वयन कार्यविधि,* काठमाडौं : शैक्षिक जनशक्ति विकास केन्द्र ।

श्रेष्ठ, प्रकाशमान (२०५६), *कक्षाकोठाको व्यवस्थापन,* काठमाडौंः शैक्षिक अनुसन्धान विकास केन्द्र ।

## मा.वि तहको गणित शिक्षणमा शिक्षकले प्रयोग गर्ने कार्यनीतिहरु

### अनुसूची १

### प्र.अ.का लागि अन्तरवार्ता प्रश्नावली

**नाम : ........................................... विद्यालय : ............................**

क) विद्यालयमा शिक्षकहरुले कक्षाकोठामा अध्यापन गर्दा के कस्ता कार्यनीतिहरु अपनाउँदै आउनु भएको छ ?

..........................................................................................................

ख) शिक्षकहरुले कक्षाकोठामा आवश्यक कार्यनीतिहरु प्रयोग गरेको पाउनु भएको छ ?

क) छु ख) छैन ग) केही मात्रामा

ग) शिक्षकहरुले विद्यार्थी उत्प्रेरणाका लागि के कस्ता नीतिहरु अपनाउँदै आएको पाउनु भएको छ ?

क) बालगीत ख) खेल ग) अन्य क्रियाकलाप

घ) शिक्षकहरुको कक्षा नियन्त्रणको अवस्था के कस्तो पाउनु भएको छ ?

क) सबै शिक्षकले कक्षा नियन्त्रण गर्नु हुन्छ ख) धेरैले ग) केहीले मात्र

ङ) शिक्षकहरुले विशेष गरी कुन विधिबाट कक्षा नियन्त्रण गर्दै आउनु भएको छ ?

क) बालकेन्द्रीत ख) शिक्षक केन्द्रीत ग) सामग्री केन्द्रीत

च) कक्षाकोठमा शिक्षण गर्दा पाठकोशिक्षणका क्रममाा पाठको बिचबिचमा वा अन्त्यमा पृष्ठपोषणको प्रयो भएको पाउनु भएको छ कि छैन ?

क) छु ख) छैन

छ) सबै शिक्षकहरुले कक्षाकोठामा देखाउने हाउभाउ एउटै खालको छ वा फरक ?

क) एउटै छ ख) फरक छ

ज) यहाँको विद्यालयमा दक्ष्य शिक्षकले पनि कार्यनीतिलाई प्रभावकारी ढंगले प्रयोग गर्न नसकिरहेको अवस्था छ कि छैन ?

क) ख) छैन

झ) यदि छ भने यसो हुनुको मुख्य कारण के के हुन सक्छ ?

..........................................................................................................

ञ) कक्षाकोठमाशिक्षणमा सिकाइ कार्यकलापलाई प्रभावकारी बनाउने उपायहरु के के हुन सक्छन् ?

...........................................................................................................

ट) भोलिका दिनमा प्रभावकारी ढंगबाट कार्यनीतिको प्रयोग गरेर शिक्षण सिकाइलाई प्रभावकारी बनाउने उपायहरु के के हुन सक्छन् ?

...................................................................................................

ठ) प्रभावकारी ढंगबाट कार्यनीतिको प्रयोग गरेर शिक्षण सिकाइलाई प्रभावकारी बनाउनका लागि प्र.अ.को तर्फबाट यहाँले के कस्तो भूमिका निर्वाह गर्दै आउनु भएको छ ?

...................................................................................................

# मा.वि. तहको गणित शिक्षणमा शिक्षकले प्रयोग गर्ने कार्यनीतिहरु

## अनुसूची २

### शिक्षकका लागि अन्तरवार्ता प्रश्नावली

**नाम :** ........................................... **विद्यालय :** ............................

क) कक्षाको शुरुवातमा विद्यार्थीलाई के कसरी उत्प्रेरणा गर्ने गर्नु भएको छ ?

क) प्रश्न सोध्ने ख) अभिवादन गर्ने ग) खेल खेलाएर घ) अन्य

ख) कक्षा नियन्त्रामा के कस्ता उपायहरु अपनाउने गर्नु भएको छ ?

क) दण्ड ख) पुरस्कार ग) अन्य

ग) तपाईको कक्षामा विद्यार्थीको क्रियाकलापमा के कस्तो सहभागिता रहेको छ ?

क) उत्तम ख) मध्यम ग) न्यून

घ) शिक्षणगर्दा शैक्षिक सामग्रीको प्रयोग कत्तिको गर्नुहुन्छ ?

क) उत्तम ख) मध्यम ग) न्यून

ङ) शिक्षण गर्दा बढीमात्रामा कुन विधिको प्रयोग गर्नुहुन्छ ?

क) बालकेन्द्रित ख) शिक्षक केन्द्रित ग) सामग्री केन्द्रित

च) समूह छलफलबाट शिक्षण गर्दा कक्षा शिक्षण कत्तिको प्रभावकारी हुने गर्दछ ?

क) हुन्छ ख) हुँदैन ग) मध्यम

छ) विद्यार्थी मूल्यांकनमा कुन साधन प्रयोग गर्ने गर्नुभएको छ ?

क) लिखित ख) मौखिक

ज) पाठको बिचमा मूल्यांकन के कसरी गर्ने गर्नुभएको छ ?

क) व्यक्तिगत रुपमा ख) सामुहिक रुपमा

झ) शिक्षणका क्रममा कक्षाको कुन भागमा बढी बस्ने गर्नुहुन्छ ?

क) अगाडि ख) बिच ग) पछाडि

ञ) प्रश्न सोध्दा कस्ता विद्यार्थीलाई बढी प्रश्न सोध्नु हुन्छ ?

क) जान्ने ख) नजान्ने ग) मध्यम घ) समान रुपमा

ट) मूल्यांकनमा पहिला कस्ता विद्यार्थीलाई बढी सोध्ने गर्नुहुन्छ ?

क) कमजोर ख) तीक्ष्ण

ठ) कस्ताशिक्षण सामग्री बढी मात्रामा प्रयोग गर्ने गर्नुहुन्छ ?

क) स्थानीय ख)बजारबाट ल्याएर

ड) दक्ष शिक्षकबाट उचित तवरका कार्यनीति प्रयोग गर्दा शैक्षिक गुणस्तरमा फरक हुन्छ भन्ने कुरामा यहाँको भनाई के कस्तो रहेको छ ?

.....................................................................................................

ढ) शिक्षकले कार्यनीतिलाई प्रभावकारी ढंगबाट प्रयोग गर्न नसक्नुका कारणहरु के के हुन सक्छन् ?

..............................................................................................

ण) भोलिका दिनमा कक्षाकोठामा शिक्षण गर्दा के कस्ता उपायहरु अपनाउन सकेका खण्डमा शिक्षण प्रावकारी हुन सक्छ ?

...................................................................................................

त) शिक्षणकार्यलाई प्रभावकारी बनाउनका लागि एउटा शिक्षकका तर्फबाट यहाँले के कस्तो भूमिका निर्वाह गर्दै आउनु भएको छ ?

...................................................................................................

# मा.वि. तहको गणित शिक्षणमा शिक्षकले प्रयोग गर्ने कार्यनीतिहरु

## अनुसूची ३

## अवलोकन फारम

विद्यालयको नाम मिति :

शिक्षकको नाम : शैक्षिक योग्यता :

घण्टि

---

१. पूर्वपाठको समीक्षा : क) गरेको ख) नगरेको

२. विद्यार्थी उत्प्रेरित : क) गरेको ख) नगरेको

३. सिकाइमा विद्यार्थी सहभागिता : क) नगन्य ख) न्यून ग) मध्यम

घ)उच्च ङ) अति उच्च

४. कक्षा नियन्त्रणमा शिक्षकको भूमिका : क) न्यून ख) मध्यम ग) उच्च

५. शिक्षण सिकाई क्रियाकलापमा विद्यार्थीको सक्रियता : क) अति न्यून ख) न्यून

ग) मध्यम घ) उच्च

६. शिक्षण विधको छनोट : क) बालकेन्द्रित ख) शिक्षक केद्रित

ग) सामग्री केन्द्रित

७. शिक्षण सिकाइ क्रियाकलापमा शिक्षकको गतिशीलता :

क) स्थिर ख) अगाडि ग) पछाडि घ)चारैतिर

८. पाठको प्रस्तुतीकरण

क) शिक्षक निर्देशिका प्रयोग गरेको ख) नगरेको

९. शैक्षिक क्रियाकलाप

क) विषयवस्तु अनुरुप भएको ख) नभएको

यदि भएन भने के गरियो

व्याख्या विश्लेषण क) उपयुक्त ख) अनुपयुक्त

१०.विद्यार्थीको क्रियाकलापमा प्रोत्साहन गरियो : क) गरियो ख) गरिएन

११. शिक्षण सामग्री :

- दैनिक प्रयोगमा आउने सामग्री   के के ......................................
- शिक्षक निर्मित सामग्री,  के के ..................................
- विद्यार्थी निर्मित सामग्री के के ...................................
- स्थानीय सामग्री के के .........................
- विद्यालयमा उपलब्ध सामग्री  के के ......................................
- वास्तविक सामग्री  के के
- नमुना समग्री  के के

पढाउने काममा विद्यार्थीलाई प्रश्न सोध्ने काम भयो कि भएन

क) भयो    ख) भएन

भएको भए :   उपयुक्त    अनुपयुक्त

१२. मूलायंकन प्रक्रिया :

| | | |
|---|---|---|
| पाठको विचमा प्रश्न | क) सोधियो | ख) सोधिएन |
| पाठको अन्त्यमा प्रश्न | क) सोधियो | ख) सोधिएन |
| प्रश्न उद्देश्यसँग | ख) सम्बन्धित | ख) असम्बन्धित |
| मूल्यांकन तरिका | क) लिखित | ख) अलिखित |
| अभ्यास गर्न | क) लगाइयो | ख) लगाइएन |
| विद्यार्थी पृष्ठपोषण | क) भयो | ख) भएन |

# मा.वि. तहको गणित शिक्षणमा शिक्षकले प्रयोग गर्ने कार्यनीतिहरु

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह

(एम.एडं) दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्यांकन विषयको

आवश्यकता पुरा गर्नका लागि प्रस्तुत

शोधपत्र


शोधकर्ता

नर्मदा भण्डारी

क्याम्पस क्रमाङ्क : ४७/२०६७

परीक्षा रोल नं. : २४०००३०/०६८

त्रि.वि दर्ता नं. :९-२-२४०-३४४-२००५



पाठ्यक्रम तथा मूल्यांकन विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर,चितवन

२०७४

## मा.वि तहको गणित शिक्षणमा शिक्षकले प्रयोग गरेका कार्यनीतिहरु

### अनुसूची ४

### अवलोकन विवरण

| अवलोकन विवरण | पहिलो अवलोकन | | | दोस्रो अवलोकन | | | तेस्रो अवलोकन | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | संख्या | प्रतिशत | विवरण | संख्या | प्रतिशत | विवरण | संख्या | प्रतिशत |
| विद्यार्थी उत्प्रेरणा | गरेको | ४ | ६६.६६ | गरेको | ६ | १०० | गरेको | ४ | ६६.६६ |
| | नगरेको | २ | ३३.३३ | नगरेको | ० | ० | नगरेको | २ | ३३.३३ |
| कक्षा नियन्त्रण | गरेको | ६ | १०० | गरेको | ६ | १०० | गरेको | ४ | ६६.६६ |
| | नगरेको | ० | ० | नगरेको | ० | ० | नगरेको | २ | ३३.३३ |
| विद्यार्थी सहभागिता | गरेको | ४ | ६६.६६ | गरेको | ४ | ६६.६६ | गरेको | ६ | १०० |
| | नगरेको | २ | ३३.३३ | नगरेको | २ | ३३.३३ | नगरेको | ० | ० |
| पूर्वपाठको पुनरावलोकन | गरेको | २ | ३३.३३ | गरेको | ४ | ३३.३३ | गरेको | २ | ३३.३३ |
| | नगरेको | ४ | ६६.६६ | नगरेको | २ | ६६.६६ | नगरेको | ४ | ६६.६६ |

स्रोत : कक्षा अवलोकन २०७४

## मा.वि तहको गणित शिक्षणमा शिक्षकले प्रयोग गरेका कार्यनीतिहरु

### अनुसूची ५

### कक्षा क्रियाकलाप विवरण

| **कक्षा क्रियाकलाप** | पहिलो अवलोकन | | | दोस्रो अवलोकन | | | तेस्रो अवलोकन | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | संख्या | प्रतिशत | विवरण | संख्या | प्रतिशत | विवरण | संख्या | प्रतिशत |
| शिक्षणसिकाइ क्रियाकलापमा विर्थीलाई सक्रिय | गरेको | ४ | ६६.६६ | गरेको | ४ | ६६.६६ | गरेको | ६ | १०० |
| | नगरेको | २ | ३३.३३ | नगरेको | २ | ३३.३३ | नगरेको | ० | ० |
| शिक्षण विधको छनोट प्रवचन | गरेको | ४ | ६६.६६ | गरेको | ४ | ६६.६६ | गरेको | ४ | ६६.६६ |
| | नगरेको | २ | ३३.३३ | नगरेको | २ | ३३.३३ | नगरेको | २ | ३३.३३ |
| समस्या समाधान | गरेको | २ | ३३.३३ | गरेको | २ | ३३.३३ | गरेको | २ | ३३.३३ |
| | नगरेको | ४ | ६६.६६ | नगरेको | ४ | ६६.६६ | नगरेको | ४ | ६६.६६ |
| छलफल | गरेको | ४ | ६६.६६ | गरेको | ६ | १०० | गरेको | ६ | १०० |
| | नगरेको | २ | ३३.३३ | नगरेको | ० | | नगरेको | ० | ० |
| शिक्षण सामग्रीको प्रयोग | गरेको | २ | ३३.३३ | गरेको | ४ | ६६.६६ | गरेको | ४ | ६६.६६ |
| | नगरेको | ४ | ६६.६६ | नगरेको | २ | ३३.३३ | नगरेको | २ | ३३.३३ |
| ह्वाइटबोर्ड चक बोर्ड प्रयोग | गरेको | ६ | १०० | गरेको | ६ | १०० | गरेको | ६ | १०० |
| | नगरेको | ० | ० | नगरेको | ० | ० | नगरेको | ० | ० |
| उदाहरणको प्रस्तुती | गरेको | ४ | ६६.६६ | गरेको | ४ | ६६.६६ | गरेको | ४ | ६६.६६ |
| | नगरेको | २ | ३३.३३ | नगरेको | २ | ३३.३३ | नगरेको | २ | ३३.३३ |
| पढाउँदा विद्यार्थीलाई प्रश्न सोध्ने कार्यकलाप | गरेको | ४ | ६६.६६ | गरेको | ४ | ६६.६६ | गरेको | ६ | १०० |
| | नगरेको | २ | ३३.३३ | नगरेको | २ | ३३.३३ | नगरेको | ० | ० |
| शैक्षिक क्रियाकलाप उद्देश्य अनुरुप | गरेको | ६ | १०० | गरेको | ६ | १०० | गरेको | ६ | १०० |
| | नगरेको | ० | ० | नगरेको | ० | ० | नगरेको | ० | ० |

स्रोत : कक्षाअवलोकन २०७४

# मा.वि. तहका गणित शिक्षणमा शिक्षकले प्रयोग गर्ने कार्यनीतिहरु

## अनुसूची ६

### कक्षा समापन विवरण

| **कक्षा क्रियाकलाप** | पहिलो अवलोकन | | | दोस्रो अवलोकन | | | तेस्रो अवलोकन | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | संख्या | प्रतिशत | विवरण | संख्या | प्रतिशत | विवरण | संख्या | प्रतिशत |
| पाठको पुनरावलोकन | गरेको | ६ | १०० | गरेको | ६ | १०० | गरेको | ६ | १०० |
| | नगरेको | ० | ० | नगरेको | ० | ० | नगरेको | ० | ० |
| प्रश्न सोधेर | गरेको | ६ | १०० | गरेको | ६ | १०० | गरेको | ६ | १०० |
| | नगरेको | ० | ० | नगरेको | ० | ० | नगरेको | ० | ० |
| लिखित | गरेको | ० | ० | गरेको | ० | ० | गरेको | ० | ० |
| | नगरेको | ६ | १०० | नगरेको | ६ | १०० | नगरेको | ६ | १०० |
| मौखिक | गरेको | ४ | ६६.६६ | गरेको | ६ | ६६.६६ | गरेको | ६ | १०० |
| | नगरेको | २ | ३३.३३ | नगरेको | २ | ३३.३३ | नगरेको | ० | ० |
| पृष्ठपोषण | गरेको | ४ | ६६.६६ | गरेको | ४ | ६६.६६ | गरेको | ४ | ६६.६६ |
| | नगरेको | २ | ३३.३३ | नगरेको | २ | ३३.३३ | नगरेको | २ | ३३.३३ |
| गृहकार्य | गरेको | ६ | १०० | गरेको | ६ | १०० | गरेको | ६ | १०० |
| | नगरेको | ० | ० | नगरेको | ० | ० | नगरेको | ० | ० |

स्रोत : कक्षा अवलोकन २०७४